CAMPAIGN NEWSLETTER

# अभियान समाचार

एम्नेस्टी इन्टरनेसनल नेपालको
त्रैमासिक प्रकाशन

सेप्टेम्बर - अक्टोबर २००९ September-October 2009




## हरिहर दाहालसँग मानवअधिकार संवाद



## मृत्युको पंक्तिमा कलिलो उमेर



वायरमा

## यसपालि

| यसपालि | पृष्ठ |
| --- | --- |
| गरिबी र सहस्राब्दी लक्ष्य | २ |
| मृत्युदण्डविरुद्ध विशेष | ४ |
| हरिहर दाहालसँग मानवअधिकार संवाद | ८ |
| समूह र युथ नेटवर्कको साधारण सभा | ११ |
| बालबालिकासँग एआई नेपाल | २० |
| चाडबाडमा एआई नेपाल | २२ |
| वायर अनुवाद | पछिल्लो भागमा ४ |
| तस्वीरमा एआई नेपालका गतिविधि | अन्तिम पृष्ठ |

## आवरण



गरिबी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय दिवस अक्टोबर १७ को सन्दर्भ पारेर १६ अक्टोबर २००९ का दिन बनेपामा 'इन्टरनेसनल विक अफ युथ एक्सन–२००९' अन्तर्गत आयोजित कार्यक्रम ।

तस्वीर : एम्नेस्टी इन्टरनेसनल नेपाल

**Published by**

AMNESTY INTERNATIONAL

**Amnesty International Nepal**
Amnesty marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal

Tel: +977 1 4364706 or 43655431
Fax: +977 1 4354987
Email: info@amnestynepal.org
www.amnestynepal.org

# गरिबीविरुद्ध लडौं

एम्नेस्टी इन्टरनेसनलको विश्वास छ- जहाँ गरिबी घट्दै जान्छ, त्यहाँ मानवअधिकारको अवस्थामा सुधार देखापर्न थाल्छ । मानवअधिकारको अवस्था बिग्रनुमा विभिन्न कारण हुन सक्छन्, जसमध्ये गरिबी पनि एक हो । यो दृष्टिकोणले हेर्दा गरिबी कम भएमा मात्र मानवअधिकार फल्न-फुल्न सक्दछ । यो मान्यताबाट अभिप्रेरित भएर नै एम्नेस्टी इन्टरनेसनलले 'मानवअधिकार = कम गरिबी' भन्ने नारालाई अघि ल्याएको हो । निश्चय पनि भोक, रोग, गरिबी र अशिक्षाको चक्रव्यूहमा मानवअधिकारको कल्पनासमेत गर्न सकिँदैन । यो कुरा मनन गर्दै संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रले गरिबी हटाउनेदेखि थुप्रै कुरा समेटिएको सहस्राब्दी विकासलक्ष्य हासिल गर्ने प्रतिबद्धता देखाएका छन् । प्रतिबद्धता पूरा गर्ने समयसीमा क्रमशः छोटिँदै गइरहेको अवस्थामा लक्ष्यप्राप्तिका लागि सबै राष्ट्रहरू सचेत भएर अघि बढ्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखापरेको छ । जनताका दैनन्दिन आधारभूत आवश्यकता पूरा नभएसम्म मानवअधिकार संरक्षणको कुरा कल्पनासमेत गर्न सकिँदैन । त्यसैले पनि पहिला आधारभूत आवश्यकतापूर्तिका लागि सबै राष्ट्र लाग्नु जरुरी छ ।

विश्वको विकासमा रहेको चुनौती सामना गर्नका लागि सहस्राब्दी विकासलक्ष्यले सन् २०१५ सम्ममा पूरा गर्नका लागि ८ वटा लक्ष्य लिएको छ । सहस्राब्दी विकासलक्ष्य सन् २००० को सेप्टेम्बरमा भएको सहस्राब्दी शिखर सम्मेलनले जारी गरेको घोषणापत्रद्वारा निर्देशित छ । जसमा १ सय ८९ राष्ट्रले प्रतिबद्धता व्यक्त गरेका छन् भने १ सय ४७ राष्ट्रका राष्ट्र तथा सरकारप्रमुखले हस्ताक्षर गरेका छन् । जसअन्तर्गत पहिलो नम्बरको लक्ष्य नै गरिबी र भोकको उन्मूलन रहेको छ ।

नेपाल सहस्राब्दी विकासलक्ष्यमा प्रतिबद्धता जनाउने १ सय ८९ राष्ट्रमध्येमा पर्दछ । साथै नेपालका तर्फबाट तीनवर्षे अन्तरिम योजना २००८-२०१० मा समेत यस प्रतिबद्धतालाई दोहोर्‍याइएको छ । नेपालमा सरकार र अन्तर्राष्ट्रिय समुदायले आवश्यक संयोजनमार्फत नै यी सबै लक्ष्य पूरा गर्न सक्ने सम्भावना अझै रहेको छ ।

भोक र गरिबीको उन्मूलन सहस्राब्दी विकासलक्ष्यको एउटा महत्वपूर्ण पक्ष हो । नेपालले सन् २०१५ सम्ममा सहस्राब्दी विकासलक्ष्य प्राप्त हुने जनाएको छ । एम्नेस्टी इन्टरनेसनलले अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस (१७ अक्टोबर) का दिन सहस्राब्दी विकासलक्ष्य प्राप्तिका लागि प्रभावकारी संयन्त्र बनाउन ठोस ध्यान दिन नेपाल सरकारलाई आग्रह गरेको छ । यसतर्फ अविलम्ब ध्यान दिन हामी पुनः सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछौं । हामी युद्धका विरोधी हौं तर गरिबीविरुद्धको युद्धमा हाम्रो साथ छ । मानवअधिकारका लागि हुने संघर्षमा हाम्रो साथ छ ।

## ए.आई. नेपाल राष्ट्रिय कार्यसमितिका पदाधिकारी

| | |
|---|---|
| अध्यक्ष | हेमकुमार खड्का |
| उपाध्यक्ष | केशव सिग्देल |
| महासचिव | शम्भु ठाकुर |
| उपमहासचिव | उत्तम सापकोटा |
| कोषाध्यक्ष | रश्मिला भोछिभोया |
| सदस्य | ममिताकुमारी पुन |
| | यशोदाकुमारी उपाध्याय |
| | चेतनारायण भुसाल |
| | डिकप्रसाद घिमिरे |
| | निर्मलबाबु श्रेष्ठ |
| | राजनप्रसाद कुइँकेल |
| सल्लाहकार | नूतन थपलिया |
| | लोकेश ढकाल |

## ए.आई. नेपाल पुनरावेदन समितिका पदाधिकारी

| | |
|---|---|
| संयोजक | श्यामराज घिमिरे |
| सदस्य | विमलादेवी (विष्ट) गौतम |
| | ऋषिकेश खनाल |

# गरिबी हटाउन सहस्राब्दी विकासलक्ष्य पूरा गर

विश्वको विकासमा रहेको चुनौती सामना गर्नका लागि सहस्राब्दी विकासलक्ष्यले सन् २०१५ सम्ममा पूरा गर्ने उद्देश्यले ८ वटा लक्ष्य लिएको छ । सहस्राब्दी विकासलक्ष्य सन् २००० को सेप्टेम्बरमा न्युयोर्कमा भएको सहस्राब्दी शिखर सम्मेलनले जारी गरेको सहस्राब्दी घोषणाद्वारा निर्देशित छ, जसमा १ सय ८९ राष्ट्रले प्रतिबद्धता व्यक्त गरेका छन् भने सो लक्ष्यमा १ सय ४७ राष्ट्रका राष्ट्र तथा सरकारप्रमुखले हस्ताक्षर गरेका छन् ।

**विकासलक्ष्यमा के छन् ?**

१) गरिबी र भोकको उन्मूलन
२) विश्वव्यापी प्राथमिक शिक्षाको प्राप्ति
३) लैंगिक समानता र महिलाको सशक्तीकरण
४) बालमृत्युदर घटाउने
५) मातृस्वास्थ्यमा सुधार
६) एचआईभी/एड्स, औलो तथा अन्य रोगमाथि विजय
७) वातावरणीय दिगोपनको सुनिश्चितता
८) विकासका लागि विश्वव्यापी साझेदारीको विकास

नेपाल सहस्राब्दी विकासलक्ष्यमा प्रतिबद्धता जनाउने १ सय ८९ राष्ट्रमध्येमा पर्दछ । साथै नेपालका तर्फबाट तीनवर्षे अन्तरिम योजना २००८-२०१० मा समेत यसको उल्लेख गरिएको छ । नेपाल सरकार र अन्तर्राष्ट्रिय समुदायले आवश्यक संयोजनसहित देशव्यापी रूपमा नै यी सबै लक्ष्य पूरा गर्न सक्ने सम्भावना अझै रहेको छ ।

भोक र गरिबीको उन्मूलन सहस्राब्दी विकासलक्ष्यको एउटा महत्वपूर्ण पक्ष हो । नेपालले यसको प्राप्ति गरेर सन् २०१५ सम्ममा सहस्राब्दी विकासलक्ष्य प्राप्त हुने जनाएको छ । एम्नेस्टी इन्टरनेसनलले अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस (१७ अक्टोबर) का दिन सहस्राब्दी विकासलक्ष्य प्राप्तिका लागि प्रभावकारी संयन्त्र बनाउन ठोस ध्यान दिन आग्रह गरेको छ ।

सहस्राब्दी विकासलक्ष्यको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र स्थापना गर्न नेपाल सरकारसँग माग गर्दै एआई नेपालमा आबद्ध युवाहरूले प्रदर्शन तथा हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरे । गरिबी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको सन्दर्भ पारेर १६ अक्टोबरमा काभ्रेको बनेपामा सो कार्यक्रम आयोजना गरिएको थियो ।

**गरिबी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय दिवस**

गरिबी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको कुरा गर्दा १७ अक्टोबर १९८७ तर्फ जानुपर्ने हुन्छ । सो दिन १ लाखभन्दा बढी मानिस फ्रान्सको पेरिसस्थित ट्रोकाडेरोनजिकै जम्मा भएका थिए, जहाँ चरम गरिबी, हिंसा र रोगबाट पीडितको सम्मानका लागि उनीहरूले त्यति बेला गरिबी बढेको र मानवअधिकारको उल्लंघन भएको जनाउँदै सबै एकजुट भएर मानवअधिकारको सम्मान गर्ने प्रतिबद्धता जनाएका थिए ।

सन् १९४८ मा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा हस्ताक्षर भएको थियो । सोही मितिदेखि सबै पृष्ठभूमि, आस्था र सामाजिक क्षेत्रका मानिसहरू अक्टोबर १७ का दिन एकैसाथ जम्मा भएर गरिबहरूप्रति ऐक्यबद्धता जनाउँदै आइरहेका छन् । सन् १९९२ को डिसेम्बर २२ मा भएको संयुक्त राष्ट्रसंघीय महासभाले संकल्पप्रस्ताव नम्बर ४७/१९६ पारित गरी १७ डिसेम्बरलाई अन्तर्राष्ट्रिय गरिबी निवारणविरुद्धको दिवसका रूपमा मनाउन थालेको हो ।

**बनेपामा हस्ताक्षर संकलन**

एआई नेपालसँग आबद्ध मानवअधिकारवादी युवाहरूले सहस्राब्दी विकासलक्ष्यसम्बन्धी प्रतिबद्धता पूरा



गर्न नेपाल सरकारलाई आग्रह गरेका छन् । गरिबी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा १६ अक्टोबरका दिन एक कार्यक्रमको आयोजना गरी उनीहरूले गरिबी कम भएमा मानवअधिकारको अवस्था पनि सुधार हुने कुरामा जोड दिए । सबै पृष्ठभूमि, आस्था र सामाजिक पृष्ठभूमिका मानिसले अक्टोबर १७ का दिन आफ्ना प्रतिबद्धता दोहोऱ्याउँदै गरिबप्रति ऐक्यबद्धता देखाउने गरेका छन् । यस वर्षको गरिबी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा युवा मानवअधिकारवादीहरूको क्षेत्रीय नेटवर्कले यस क्षेत्रका युवालाई गरिबीविरुद्धका विभिन्न गतिविधिमा संलग्न हुन आग्रह गरेको थियो । यस सन्दर्भमा एसिया प्यासिफिक युथ नेटवर्कले अक्टोबर १२ देखि १७ सम्मलाई 'इन्टरनेसनल विक अफ युथ एक्सन २००९' घोषणा गरेको थियो । यसैअन्तर्गत एआई नेपालले काभ्रे जिल्लाको बनेपामा एक प्रदर्शनको आयोजना गरेको थियो ।

काभ्रेको बनेपाचोकमा हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरिएको थियो । सो कार्यक्रम एआई नेपालअन्तर्गतको युथ नेटवर्क नेसनल वर्किङ ग्रुपको व्यवस्थापनमा आयोजनामा गरिएको थियो । कार्यक्रममा लालीगुराँस, काठमाडौं, बनेपा, पनौती र काठमाडौं विश्वविद्यालय युथ नेटवर्कको सहभागिता रहेको थियो ।

कार्यक्रममा एआई नेपालका कोषाध्यक्ष रश्मिला भोछिभोया, एआई नेपालका उपमहासचिव उत्तम सापकोटा, समूह ४३ का संयोजक भक्त भोछिभोया, समूह ७२ का उद्धव तिमल्सिना, युथ नेटवर्क राष्ट्रिय कार्यसमूहका संयोजक सुमन धुँ श्रेष्ठ तथा सोही समूहका सदस्य रमा पौडेल र एलिना अधिकारीलगायतको पनि सहभागिता रहेको थियो। सो अवसरमा करिब ३ सय हस्ताक्षर संकलन गरिएको थियो । कार्यक्रममा मानवअधिकारसम्बन्धी विश्वघोषणापत्र र कार्यक्रमसम्बन्धी लिफलेट्स पनि वितरण गरिएको थियो । अन्त्यमा युथ सदस्यहरूद्वारा 'मानवअधिकार=कम गरिबी' भन्ने मूल नाराका साथ 'IWYA-09' कार्यक्रम गरिएको थियो । युथहरू १० मिनेटसम्म त्यहाँ रहँदा थुप्रै मानिस त्यसतर्फ आकर्षित भएका थिए ।

**समूह-८०, काठमाडौंको कार्यक्रम**

एआई नेपाल शाखाको आयोजनामा बालबालिकाहरूका लागि कार्यरत समूह ८० को आतिथ्यमा अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस-२००९ सम्बन्धी एक कार्यक्रम २०६६ असोज २९ गते काठमाडौंमा



सम्पन्न भयो । कार्यक्रम एआई नेपाल शाखाका उपमहासचिव उत्तम सापकोटाको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा जोसेफ युवा नेटवर्कका युवाहरूलगायत जोसेफ माध्यमिक विद्यालयका बालबालिकाको सक्रिय सहभागिता रहेको थियो । सो अवसरमा नेपाल सरकारले हालसम्म गरिबी निवारणका लागि गरेका प्रतिबद्धता पूरा गरोस् भन्ने उद्देश्यका साथ हस्ताक्षर कार्यक्रमसमेत गरिएको थियो । सो अवसरमा प्रमुख अतिथि उपमहासचिव सापकोटाले कार्यक्रमको उद्देश्यबारे प्रस्ट पार्नुभएको थियो । यस्तै एआई समूह-८० का संयोजक तथा कार्यक्रमका सभापति सूर्यबहादुर अधिकारीले सन् २०१५ सम्ममा सहस्राब्दी लक्ष्यप्राप्तिका लागि नेपाल सरकारलाई घचघच्याइरहनुपर्ने धारणा राख्नुभएको थियो । संयोजक अधिकारीको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन समूह-८० का सचिव दीपकप्रसाद अधिकारीले गर्नुभएको थियो । ❖

# अमेरिकामा विद्यमान मृत्युदण्डविरुद्ध हस्ताक्षर संकलन



एम्नेस्टी इन्टरनेसनलले १० अक्टोबरका दिन मृत्युदण्डविरुद्धको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भ पारेर काठमाडौंको नयाँसडक गेटमा संयुक्त राज्य अमेरिकामा विद्यमान मृत्युदण्ड व्यवस्थाको अन्त्यको आग्रह गर्दै हस्ताक्षर संकलन कार्यक्रम सम्पन्न गर्‍यो । सो अवसरमा विभिन्न क्षेत्र र वर्गका करिब २ हजार जनाले हस्ताक्षर गरी अमेरिकामा मृत्युदण्ड अन्त्यका लागि ऐक्यबद्धता जनाउनुभएको थियो ।

एम्नेस्टी इन्टरनेसनल नेपालका संस्थापक नूतन थपलियाले हस्ताक्षर गरेर कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । कार्यक्रममा एम्नेस्टी इन्टरनेसनल नेपालका विभिन्न समूह तथा युथ नेटवर्कहरूको सक्रिय सहभागिता रहेको थियो भने सर्वसाधारण नागरिकको पनि उल्लेख्य सहभागिता रहेको थियो ।

यसपालिको १० अक्टोबरका दिन सातौं अन्तर्राष्ट्रिय मृत्युदण्डविरुद्धको दिवस मनाइएको हो, जसअनुसार एम्नेस्टी इन्टरनेसनलले उक्त दिन विश्वभरि नै मृत्युदण्ड उन्मूलनका पक्षमा विविध कार्यक्रम आयोजना गरेको थियो । एम्नेस्टी इन्टरनेसनल नेपालले हरेक वर्ष यस दिवसका अवसरमा विभिन्न राष्ट्रलाई लक्षित गरेर ती राष्ट्रमा मृत्युदण्डको अन्त्यका लागि कार्यक्रम आयोजना गर्दै आएको छ। यसअन्तर्गत यसअघिका वर्षहरूमा चीन, सुडान, इराकलगायत देशमा विद्यमान मृत्युदण्ड अन्त्यका लागि आह्वान गर्दै कार्यक्रम आयोजना गरेको थियो भने यस वर्ष अमेरिकाको सवाललाई उठान गर्‍यो ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय अभिसन्धिको दोस्रो ऐच्छिक उपलेख १९८९ ले 'कुनै पनि कारणले मृत्युदण्ड दिइने छैन' भन्ने कुरा स्पष्ट उल्लेख गरेको छ । सो दस्तावेज विश्वबाट मृत्युदण्ड उन्मूलनका लागि संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको हो । हालसम्म विश्वका १ सय ३९ राष्ट्रले कानुन वा व्यवहारमा मृत्युदण्डको उन्मूलन गरिसकेका छन् ।

यसो हुँदाहुँदै पनि विश्वसामु मानवअधिकारमा ठोस योगदान गर्ने भनी प्रतिबद्धता व्यक्त गर्ने अमेरिका होस् वा भारत वा विकासको गतिमा ठूलो फड्को मारेको चीन नै किन नहोस्, ती राष्ट्रमा अझै मृत्युदण्ड विद्यमान छ । सन् २००८ को एक वर्षमा मात्रै जानकारीमा आएका आँकडाअनुसार विश्वका २५ राष्ट्रमा कम्तीमा २ हजार ३ सय ९० जनालाई मृत्युदण्ड दिइएको छ, जसमध्ये ९३ प्रतिशत ५ वटा देश क्रमशः चीन, इरान, साउदी अरेबिया, पाकिस्तान र अमेरिकामा भएका छन्। त्यस्तै ५२ देशमा ८ हजार ८ सय ६४ जनालाई मृत्युदण्डको सजाय सुनाइएको थियो। अमेरिकामा भने सन् २००८ मा मात्रै विभिन्न ९ राज्यमा ३७ जनालाई मृत्युदण्ड दिइएको विवरण सार्वजनिक भएको थियो। एम्नेस्टी इन्टरनेसनल सबैखाले प्रकरणमा मृत्युदण्डको सख्त विरोध गर्दछ।

सन् २००१ को जुन महिनामा भएको मृत्युदण्डविरुद्धको पहिलो विश्वसम्मेलनमा प्रतिबद्धता व्यक्त गरिएबमोजिम १३ मे २००२ का दिन इटालीको रोममा मृत्युदण्डविरुद्धको अन्तर्राष्ट्रिय सञ्जाल गठन गरिएको थियो । सो सञ्जालमा एम्नेस्टी इन्टरनेसनल पनि सदस्य रहेको छ । सोही सञ्जालले सन् २००३ देखि प्रत्येक वर्षको अक्टोबर १० लाई मृत्युदण्डविरुद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा विभिन्न कार्यक्रमका साथ मनाउँदै आएको छ ।

# मृत्युदण्डको अवस्था

*विश्वका दुई तिहाई मुलुकहरूले कानून वा व्यवहारमा अहिले मृत्युदण्ड उन्मूलन गरेका छन् ।*



- **कानुन र व्यवहारमा मृत्युदण्ड उन्मूलन गर्ने राष्ट्र : १३९**
- **मृत्युदण्ड उन्मूलन गर्न बाँकी राष्ट्र : ५८**
- **सबै अपराधमा मृत्युदण्ड उन्मूलन गर्ने राष्ट्र**

अल्बानिया, एण्डोरा, अंगोला, अर्जेन्टिना, आर्मेनिया, अष्टेलिया, अष्टीया, अजरबैजान, बेल्जीयम, भुटान, बोस्नीया हर्जगोभीना, बुल्गेरिया, बुरुण्डी, क्याम्बोडिया, क्यानडा, केप भर्दे, कुक आइल्याण्ड, कोस्टारिका, कोट डेल्भोर, कोएसिया, साइप्रस,चेक रिपब्लीक, डेनमार्क, डीजीबुटी, डोमिनिकन रिपब्लीक, इक्वेडर, इस्टोनिया, फिनल्याण्ड, फ्रान्स, जर्जीया, जर्मनी, ग्रीस, गिनिया विसाउ, हैटी, होली सी, होण्डुरस, हंगेरी, आइसल्याण्ड, आयरल्याण्ड, इटाली, किरीबाटी, किर्गीस्तान, लिचस्टेनस्टेन, लिथुआनिया, लक्जेम्बर्ग, म्यासेडोनिया, माल्टा, मार्शल आइल्याण्ड, मौरिसस्, मेक्सिको, माइक्रोनेसिया, मोल्दोभा, मोनाको, मोन्टेनिग्रो, मोजाम्बीक, नामिविया, नेपाल, नेदरल्याण्डस्, न्यूजिल्याण्ड, निकारागुवा, निऊ,नर्बे, पलाऊ, पनामा, पारागुवे, फिलीपिन्स, पोल्याण्ड,पोर्चुगल, रोमानिया, रुवाण्डा, समोआ, सान मारिनो, साओ टोमे एण्ड प्रीन्सीप, सेनेगल, सर्विया (कोसोभो सहित)सेसेल्स, स्लोभाकिया, स्लोभेनिया, सोलोमन आइल्याण्ड, दक्षिण अफ्रिका, स्पेन, स्वीडेन, स्वीजरल्याण्ड, टीमोर लेत्से, टोगो, टर्की, तुर्केमिनिस्तान, तुभालु, युक्रेन, बेलायत,उरुगुवे, उज्बेकिस्तान, भानुआतु र भेनेजुएला ।

- **सामान्य अपराधमा मृत्युदण्ड उन्मूलन गर्ने राष्ट्र**

बोलिभिया, ब्राजील, चिली, एलसाल्भाडोर, फीजी, इजरायल, कजाकस्तान, लात्भीया र पेरु ।



- **व्यवहारमा मृत्यु दण्ड नदिने राष्ट्र**

अल्जेरिया, ब्रुनाई, बुर्किनाफासो, क्यामरुन, सेन्टल अफिकन रिपब्लीक, कंगो, इरिट्र्या, ग्याबुन, गाम्बीया, घाना, ग्रेनडा, केन्या, लाओस्, लाइबेरिया, मडागास्कर, माली, मौरिसनिया, मोरक्को, म्यान्मार, नाउरु, नाइजर, पपुवान्युगिनी, रुसी महासंघ, दक्षिण कोरिया, श्रीलंका, सुरिनाम, स्वाजील्याण्ड, ताजिकीस्तान, तान्जानिया, टोंगा,टयुनिसिया र जाम्बीया। ( यी राष्टले सामान्य अपराधमा मृत्युदण्ड नदिने व्यवस्था गरे पनि विगत १० वर्ष यता कुनै मृत्युदण्ड दिएका छैनन् ।)

- **मृत्युदण्ड उन्मूलन गर्न बाँकी राष्ट्र**

अफगानिस्तान, एन्टीगुवा, बर्बुडा, बहामास, बहराइन, बंगलादेश,बार्बाडोज, बेलारुस, बेलिज, बोत्सवाना, चाड, चीन, कोमोरस, प्रजातान्त्रिक गणतन्त्र कंगो, क्युवा, डोमिनिका, इजीप्ट, इक्वेटोरियल गुएना, इथियोपिया, ग्वाटेमाला, गुइनिया, गुएना, भारत, इण्डोनेसिया, इरान, इराक, जमैका, जापान, जोर्डन, कुवेत, लेबनान, लिसोथो, लिब्या, मलेसिया, मंगोलिया, नाइजेरिया, उत्तर कोरिया, ओमान, पाकिस्तान, प्यालेस्टाइन अधिनस्थ क्षेत्र, कतार, सेन्ट किट्स एण्ड नेभिस्, सेन्ट लुसिया, सेन्ट भिन्सेन्ट एण्ड द ग्रनाडाइन्स, साउदीअरेबिया, सियरालियोन, सिंगापुर, सोमालिया, सुडान, सिरिया, ताइवान, थाइल्याण्ड, ट्रीनीडाड एण्ड टोबागो, युगाण्डा, युएई, अमेरिका, भियतनाम, यमन र जिम्बाबे ।

## सन् २००८ मा सबैभन्दा धेरै मृत्युदण्ड दिने राष्ट्रको तथ्यांक



यसै सन्दर्भमा एआई नेपालमा आबद्ध चितवनस्थित समूह-६४ र इटहरीस्थित समूह-६३ ले पनि यस वर्षको मृत्युदण्डविरुद्धको दिवसका अवसरमा कार्यक्रमहरू गरेको जानकारी प्राप्त भएको छ ।

## समूह-६४, चितवन



१० अक्टोबर २००९ का दिन चितवनस्थित एम्नेस्टी इन्टरनेसनल नेपाल चितवन समूह-६४ ले अमेरिकामा मृत्युदण्डको प्रावधान अन्त्य गर्न आग्रह गर्दै हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरेको छ । सो कार्यक्रम रत्ननगरको सौराहाचोकमा आयोजना गरिएको थियो । त्यस अवसरमा २ सय ५० जनाले हस्ताक्षर गर्नुभएको थियो । उक्त कार्यक्रमको प्रारम्भ गर्न आयोजित एक समारोहमा समूह-६४ का कार्यसमिति सदस्य पूर्णप्रसाद रिजाल र विश्वनाथ खनालले मन्तव्य राख्नुभएको थियो । सो समारोह समूहका संयोजक रामचन्द्र मिश्रको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## समूह-६३, इटहरी

एआई समूह-६३ इटहरीले अमेरिकामा विद्यमान मृत्युदण्डको प्रावधान अन्त्यको माग गर्दै १० अक्टोबरका




दिन इटहरीमा हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा इटहरीका विभिन्न संघसंस्था, बुद्धिजीवी, नागरिक समाज, व्यापारी तथा एआईका सदस्य तथा युवाहरूको सक्रिय सहभागिता रहेको थियो । त्यसमा समूहसंयोजक, सचिव, कोषाध्यक्ष र सदस्यहरू क्रमशः हरिकान्त साह, तिलकराम चौधरी, पूर्णिमा प्याकुरेल, सुजाता राई, इटहरी युथ संयोजक मिलन बुढाथोकी, दुहबी युथ संयोजक खुसीला ओझालगायतको सहभागिता रहेको थियो । कार्यक्रमको विषयप्रवेश एआई नेपालका पूर्वउपमहासचिव रामनारायण मण्डलले गर्नुभएको थियो । कार्यक्रममा प्रहरी र सशस्त्र प्रहरी बलले पनि चासोका साथ सहभागिता जनाएका थिए ।

## समूह-४८, बाग्लुङ

एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-४८ को आयोजनामा सातौं अन्तर्राष्ट्रिय मृत्युदण्डविरुद्धको दिवसको अवसर पारेर २४ अक्टोबरका दिन अमेरिकामा मृत्युदण्ड अन्त्यको माग गर्दै बाग्लुङमा




हस्ताक्षर संकलन कार्यक्रम सम्पन्न गरियो ।

बाग्लुङ बजारको लोकतान्त्रिक चोकमा सम्पन्न हस्ताक्षर संकलन अभियानमा जिल्लामा क्रियाशील राजनीतिक दलका नेता, पत्रकार, मानवअधिकारकर्मी, विद्यार्थीलगायत सर्वसाधारणले हस्ताक्षर गरेका थिए । कार्यक्रमको बहावबारेमा समूहका सहसंयोजक दिलीप पौडेलले जानकारी दिनुभएको थियो भने कार्यक्रमको सञ्चालन समूहका सचिव विकास पौडेलले गर्नुभएको थियो । करिब ३ घन्टा सञ्चालन गरिएको हस्ताक्षर अभियानमा करिब २ हजार जनाले हस्ताक्षर गरेका थिए । ❖



# मृत्युदण्डमा फर्कने कुरै आउँदैन

**हरिहर दाहाल**, वरिष्ठ अधिवक्ता

नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष (२०५४-२०५७) वरिष्ठ अधिवक्ता हरिहर दाहाल एम्नेस्टी इन्टरनेसनल नेपाल राष्ट्रिय कार्यसमितिका पूर्वसदस्य, बारका पूर्वमहासचिव (२०६३-२०६४), पूर्वसांसद (अन्तरिमकाल २०६३-२०६४), अन्तरिम संविधान मस्यौदा समितिका सदस्य (२०६३) समेत रहिसक्नुभएको छ । यसपालि ***अभियान समाचार***ले ५६ वर्षीय यिनै अनुभवी कानुनव्यवसायीसँग मुलुकको मानवअधिकारको अवस्थाका बारेमा लामो कुराकानी गरेको छ । उहाँको भनाइ छ- 'मुलुकमा दण्डहीनता बढेकाले जनतामा निराशा बढेको छ । त्यसैको आक्रोशस्वरुप मानिस मृत्युदण्डको समेत माग गर्न थालेका छन् । तर, नेपाल मृत्युदण्डमा फर्कन हुन्न । दण्डहीनताको अवस्था अन्त्य गरिनुपर्दछ ।' उहाँले मानवअधिकारको अवस्था दिनानुदिन अप्ठ्यारोमा पर्दै गएको पनि बताउनुभएको छ । प्रस्तुत छ- उहाँसँगको कुराकानीको विस्तृत अंश :

***नेपालमा अहिले मानवअधिकारको स्थिति कस्तो छ ?***

मानवअधिकारको स्थिति दयनीय रहेको छ । जीवनको स्वतन्त्रतामा भयमुक्त हुन सकिएको छैन । कसैले पनि सुरक्षित महसुस गर्न सकिरहेको छैन । म स्वयम् पनि कतै केही हुने हो कि भन्ने डरमा हुन्छु । सरकार र त्यति बेलाको विद्रोही पक्ष माओवादीबीच भएको शान्तिसम्झौतामा जफत गरिएको सम्पत्ति फिर्ता गर्ने भनिए पनि त्यो अझै भएको छैन । दाङमा मानिसलाई श्रमयातना दिइएको कुरा सार्वजनिक भएको छ । २०६२ वैशाख ११ गतेभन्दा अघिको अवस्था भइदिएको भए त्यसलाई अन्यथा रूपमा लिन मिल्दैनथ्यो होला तर गणतन्त्र आइसकेपछि पनि अवस्था उस्तै हुनुले मानवअधिकारको भयावह अवस्था स्वतः प्रस्ट गर्दछ ।

***मानवअधिकार उल्लंघनमा को जिम्मेवार ठान्नुहुन्छ ?***

मेरो विचारमा सबैभन्दा बढी जिम्मेवार माओवादी हो । सरकारले पनि मानवअधिकार उल्लंघन रोक्न जेजस्ता कदम चाल्नुपर्ने हो, त्यसो गर्न सकिरहेको

छैन । दण्डहीनता बढेका कारण नै मानिस अहिले मृत्युदण्डको व्यवस्था भए हुन्थ्यो भन्नेसम्मको अवस्थामा पुगेका छन् । छात्रा ख्याति श्रेष्ठको हत्याको प्रसंगमा मानिसहरूले दोषीलाई मृत्युदण्ड दिनुपर्दछ भन्नेसम्मको माग गर्नु राज्यले केही पनि गर्न सकेन भनेर निराशा व्यक्त गर्नुको परिणाम पनि हो ।

***के साँच्चै मृत्युदण्डको आवश्यकता परेको हो त ?***

मलाई त्यस्तो लाग्दैन । मृत्युदण्ड कुनै पनि दोषका लागि उपचारको विधि हुन सक्दैन । यही भएर २०४७ सालको संविधानबाट नै मृत्युदण्डसम्बन्धी व्यवस्था खारेज गरिएको हो । त्यसैले अहिले आएर फेरि त्योभन्दा अगाडिको अवस्थामा फर्कने भन्ने सवाल नै उठ्दैन । त्यसमाथि मृत्युदण्डको व्यवस्था गर्दैमा अपराधका घटना नै हुन्नन् भन्न सकिँदैन । बरु दण्डहीनताको अन्त्य गर्नेतर्फ लाग्नुपर्दछ ताकि जनतामा जसले जे गरे पनि यो मुलुकमा केही हुन्न भन्ने निराशा उत्पन्न नहोस् ।

■ ■ ■

**दण्डहीनता बढेकै कारण मानिसमा नैराश्य उत्पन्न भएर सजायको कडा व्यवस्थाको माग भएको हो ।**

■ ■ ■

***मृत्युदण्डको कुरा गर्दा विश्वको सबैभन्दा पुरानो प्रजातन्त्र अमेरिका र ठूलो प्रजातन्त्र भनिने भारतमा पनि मृत्युदण्डको प्रावधान विद्यमान हुनुले पनि नेपालमा यसको माग गर्न प्रोत्साहन मिलेको त होइन ?***

हुन सक्छ । भारत र अमेरिकामा अझै यो विद्यमान छ । उनीहरू आफूलाई ठूलो प्रजातन्त्रवादी भन्छन् तर मृत्युदण्डको व्यवस्था विद्यमान छ । ती मुलुकले पनि मृत्युदण्डको व्यवस्था हटाउनुपर्दछ भन्ने हाम्रो मान्यता हो । कतिपय हिसाबले हामी विश्वका प्रजातन्त्रवादी हौं भन्ने राष्ट्रभन्दा पनि अघि छौं । मृत्युदण्डको व्यवस्था खारेज गर्ने मामिलामा पनि हामी अघि रहेका छौं । त्यस्तै अन्य थुप्रै कुरा पनि छन्, ती कुरामा नेपाल अन्य प्रजातन्त्रवादी मुलुकभन्दा पनि अघि रहेको छ ।

***चाहिने कुरामा अघि हुँदा त राम्रै हो, नचाहिने कुरामा त हामी अघि भएका छैनौं ?***

हो, कतिपय नराम्रा कुरामा पनि हामी अघि भएका छौं । जस्तो- सञ्चारमाध्यमले कतिपय दिन नहुने कुरा प्रचार गरेर देशमा अराजकताको प्रचारप्रसार गरेको समेत देखिएको छ । त्यस्तै मानवअधिकारवादीहरूले पनि राष्ट्रका कतिपय संवेदनशील विषयमा कुरा उठाइहाल्नेजस्ता काम गरेको समेत पाइएको छ । त्यसैले यी कुरामा चाहिँ हामी अलि अघि भयौं कि भन्नेजस्तो लाग्छ । जस्तो- कुनै विद्रोही समूहले मानिस मार्दा काठमाडौंका सञ्चारमाध्यमले विद्रोहीको त्यो बहादुरी हो भनेझैं गरेर हेलिकोप्टर चार्टर गरेरै पनि त्यसको प्रचारप्रसार गरी समस्यालाई भयावह बनाउन खोजेको हो कि जस्तो पनि देखियो । तर अन्य प्रजातान्त्रिक नै भनिएका मुलुकमा पनि राष्ट्रिय सुरक्षासम्बन्धी विषयमा जुनसुकै क्षेत्र एक ढिक्का भएको पाइन्छ ।

***यहाँले अघि दण्डहीनता बढ्नुले जनतामा नैराश्य फैलिएको र त्यसैका कारण जनता मृत्युदण्डको व्यवस्थाको मागसमेत गर्न पुगेको बताउँदै हुनुहुन्थ्यो । के दण्डहीनता बढ्नुमा माओवादी मात्रै जिम्मेवार हो र ?***

मेरो विचारमा सबैभन्दा बढी चाहिँ माओवादी नै हो । नागरिक सर्वोच्चताको नाममा माओवादीले जे पायो त्यही गर्दै आइरहेको छ । नागरिक सर्वोच्चता भन्ने त्यस दलभित्र आफ्नै सेना रहेको छ । यस्तो अवस्थामा के भन्ने ? त्यसैले देशमा अस्थिरता बढाउन माओवादी जिम्मेवार छ ।

***सरकारले पनि त केही गर्नुपर्ने होइन र ?***

त्यो त हो तर सरकार आफैं अस्थिर रहेको छ । अलिकति बढी चलमलाएमा सरकार नै ढल्ने स्थिति उत्पन्न हुन सक्छ । उसका आफ्नै बाध्यता भएकाले पनि ऊ अमनचैन कायम गर्नका लागि दह्रो ढंगले लाग्न सकेको छैन । गल्ती गर्नेहरूलाई राजनीतिक संरक्षण हुने स्थितिले गर्दा पनि जनता निराश हुन थालेका हुन् । अहिले त यस्तो अवस्थातर्फ मुलुक गइरहेको छ कि कुनै खालको निरंकुशता पो आउने हो कि भन्ने त्रास फैलिइरहेको छ । निरंकुशता आएपछि त्यहाँ मानवअधिकार पनि हुँदैन । अधिकार पनि हुँदैन ।

अहिले नेपालको स्थिति हेर्दा त्यही अवस्था देखिएको छ । यो राम्रो संकेत होइन ।

***भनेपछि भविष्यमा मानवअधिकारको स्थिति झन् खराब हुने संकेत देखिन्छ ?***

हो, राजनीतिक दलहरू जिम्मेवार भएनन् भने अवस्था झन् नाजुक हुन सक्छ । दण्डहीनता बढ्न सक्छ तर दण्डहीनता बढ्छ भन्नुको मतलब नेपालमा मृत्युदण्डको प्रावधान राखिनुपर्दछ भन्ने बहसतर्फ पनि लाग्नु हुँदैन । भोलि मृत्युदण्डको व्यवस्था गरिए पनि दोषीले सजाय पाउँछन् नै भन्ने के ग्यारेन्टी छ र ? दोषीलाई फेरि पनि राजनीतिक दलले नजोगाउलान् भन्ने के छ र ? त्यसैले जीवनको अधिकार नै हनन गर्ने कुरा सोच्नु हुँदैन । बरु विद्यमान नीतिनियम र कानुनको पूर्ण रूपमा परिपालना भएमा नै समस्याको समाधान हुन सक्दछ । पीडितलाई न्याय दिलाउन सकिन्छ । अपराध जुनसुकै पक्षले गरेको होस्, त्यसलाई राजनीतिक संरक्षण गर्ने काम गरिनु हुँदैन ।

***अपराधीलाई राजनीतिक संरक्षण भएको छ र ?***

नि:सन्देह रूपमा छ । कोही कांग्रेसका मान्छे भनिएका होलान्, कोही कम्युनिस्टका मान्छे भनिएका छन् । कसैलाई तराईका मान्छे भनिएको छ । कम्युनिस्टकाले कांग्रेसलाई केही गरे कम्युनिस्टहरू उसलाई जोगाउन खोज्ने ! तराईमा कोही पहाडेलाई दुर्व्यवहार भयो भने त्यहाँ मधेसी नेताहरू बोल्दैनन्, यस्तो संकुचित व्यवहारले कहाँ पुगिएला ? मान्छेको अधिकारका रूपमा सबैले सोच्ने गर्नुपर्‍यो । कसैले कानुनविपरीत काम गरेको छ भने जोसुकै भए पनि उसलाई कारबाहीको व्यवस्था हुनुपर्‍यो । त्यसबाट मात्रै स्थिति सुध्रन सक्छ ।

***अरू पनि छन् कि अपराधलाई संरक्षण गर्ने ?***

प्रहरीले पनि अपराधीलाई संरक्षण गरिरहेको छ । यो राजनीतिक दबाबका कारण हुने गरेको भनिने गरेको छ । त्यस्तै कतिपय मानवअधिकारका खोल ओढेका मान्छेले पनि कुरै नबुझी प्याच्चप्याच्च बोलेको सुनिन्छ । पत्रकार पनि जिम्मेवार भएको देखिँदैन । हामी यसतर्फ पनि संवेदनशील हुनुपर्दछ । त्यसैले विभिन्न रंग र व्यक्तिगत रिसइबी साँध्ने माध्यमका रूपमा समेत मानवअधिकार र प्रेसको दुरुपयोग भइरहेको हामीले देखेका छौं । मानवअधिकारवादी र प्रेस भनेका त वाचडगका रूपमा अघि बढ्नुपर्ने हो तर नेपालमा उनीहरू पनि कुनै पक्ष वा विपक्षमा पूर्वाग्रही ढंगले लागेको देखिएको छ । कतिपय अवस्थामा उनीहरूले न्यायालयबाट समेत फाइदा उठाएको देखिएको छ ।



**“ कतिपय अवस्थामा अपराधीहरुले न्यायालयबाट समेत फाइदा उठाएको देखिएको छ । ”**

***मतलब अदालत पनि स्वच्छ छैन भन्न खोज्नुभएको हो ?***

मैले सोझै त्यसो भन्न त खोजेको होइन तर कतिपय अवस्थामा प्राविधिक कारणले गर्दा पनि उनीहरूले फाइदा पाएको देखिएको छ । उनीहरूले नियमअनुसार नै बेनिफिट अफ डाउट (शंकाको सुविधा) पाउने गरेका छन् । मैले त्यही कुरा उल्लेख गर्न खोजेको हुँ । बेलाबेलामा अदालतबाट अपराधी पनि छुट्ने गरेको यही कारणले गर्दा हो ।

***अन्तिममा केही भन्नु छ कि ?***

हेर्नुस्, हाम्रो देशमा अहिले लोकतन्त्र सुरक्षित छैन । कुनै पनि बेला एकदलीय सर्वसत्तावादतर्फ जाने स्थिति देखिएको छ । कानुनी शासन पनि संकटमा छ र मानवअधिकार झनै संकटमा रहेको छ । यो अवस्थामा सबै पक्ष चनाखो हुनुपर्ने आवश्यकता रहेको छ । ❖

# विभिन्न समूह र युथ नेटवर्कहरूको साधारणसभा

### ⏭ ट्रेड युनियन समूह-४१, विराटनगर



एम्नेस्टी इन्टरनेसनल नेपाल ट्रेड युनियन समूह-४१, विराटनगरको साधारणसभा २०६६ भदौ २० मा सम्पन्न भयो ।

साधारणसभाको उद्घाटनसत्रमा सो समूहका सदस्य लेखनाथ खत्री र जानुका ओझाले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

यसपछि आयोजित साधारणसभाको बन्दसत्रमा समूहका गतिविधिको वार्षिक तथा आर्थिक प्रतिवेदन सर्वसम्मतिले पारित गरिएको थियो ।

सोही साधारणसभाले किशोर भट्टराईको संयोजकत्वमा नयाँ कार्यसमिति चयन गरेको छ, जसअनुसार उपसंयोजकमा तारा आचार्य, सचिवमा लव ताम्राकार, कोषाध्यक्षमा रमिला ढकाल तथा सदस्यहरूमा लक्षिमा कटवाल, धर्मेन्द्र बानियाँ, यमुना कोइराला रहनुभएको छ । सल्लाहकारहरूमा सीताराम भण्डारी, रत्नप्रसाद राजवंशी र जानुका ओझालाई चयन गरिएको छ ।

कार्यक्रमको सभापतित्व ग्रहण समूहसंयोजक किशोर भट्टराईले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन समूहसचिव रत्नप्रसाद राजवंशीले गर्नुभएको थियो ।

### ⏭ अन्नपूर्ण समूह-५४, पोखरा

एम्नेस्टी इन्टरनेसनल, अन्नपूर्ण समूह-५४ पोखराको वार्षिक साधारणसभा जिल्ला अदालत कास्कीका न्यायाधीश भोलानाथ चौलागाईंको प्रमुख आतिथ्यमा २०६६ भदौ १३ गते सम्पन्न भएको छ । साधारणसभाअघि सो समूहका सदस्यहरू, पोखरास्थित रामघाट आमासमूह, धर्मस्थली आमासमूह, सर्वेश्वर आमासमूहलगायतको सहभागितामा सभागृह चोकबाट शुरू भएको शान्तिऱ्याली चिप्लेढुंगा, महेन्द्रपुल, पालिखेचोक हुँदै गैह्रापाटनस्थित पोखरा उद्योग वाणिज्य संघको अमृतकक्षमा गई सभामा परिणत भएको थियो ।

उक्त सभामा कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चलक्षेत्रीय कार्यालय पोखराका उपनिर्देशक दुर्गा खड्का, नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष मुकुन्द शर्मा पौडेल, एआई नेपालका केन्द्रीय सदस्यद्वय निर्मलबाबु श्रेष्ठ र मनिता पुन, एआई नेपालका केन्द्रीय पूर्वसदस्य तथा संवाद नेपालका अध्यक्ष नीलकण्ठ शर्मा पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष श्याम कुँवर, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष तीर्थ प्रधान, एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-८२ का संयोजक पुण्यप्रसाद पौडेल, सोही समूहका सल्लाहकार हेरम्बप्रसाद



कोइराला एवम् उपसंयोजक देवमणि भण्डारी, डा. केदार बस्नेत, एआई समूह-५४ का सल्लाहकारद्वय दुर्गाप्रसाद तिमल्सिना र कमलनाथ कुँवर तथा माछापुच्छ्रे युथ नेटवर्कका संयोजक अम्बिका तिमल्सिनाले त्यस अवसरमा मन्तव्य व्यक्त गर्नुभएको थियो । सो अवसरमा समूहका उपसंयोजक डिल्लीराम भुसालले स्वागतमन्तव्य राख्नुभएको थियो ।

साधारणसभाले सो समूहका सचिवद्वारा प्रस्तुत समूह गतिविधिहरूको वार्षिक प्रगतिप्रतिवेदन संशोधनसहित पारित गरेको थियो । साथै भेलाले कोषाध्यक्षको प्रतिवेदनमा छलफल गरी आवश्यक संशोधनका लागि समूहका संयोजक रामराज लामिछानेको संयोजकत्वमा समूहका पूर्वसंयोजक दुर्गाप्रसाद तिमल्सिना, पूर्वकोषाध्यक्ष विजय बास्तोला, पूर्वसचिव डोलराज पोखरेल, वर्तमान कोषाध्यक्ष इन्दिरा कोइरालासमेतको पाँचसदस्यीय समिति गठन गरेको छ ।

सो साधारणसभा समूह-५४ का संयोजक रामराज लामिछानेको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमको सञ्चालन समूहका सचिव विमलराज दवाडी र सहसचिव होमनाथ कोइरालाले गर्नुभएको थियो ।

### काँक्रेविहार युथ नेटवर्क, सुर्खेत

एम्नेस्टी इन्टरनेसनल नेपाल, काँक्रेविहार युथ नेटवर्क सुर्खेतको प्रथम साधारणसभा गत भदौ १९ गते वीरेन्द्रनगरमा सम्पन्न भएको छ ।

साधारणसभाले आगामी २ वर्षका लागि यमुना सापकोटालाई संयोजक र खगेन्द्र पुरीलाई सहसंयोजकमा निर्वाचित गरेको छ ।

युथ नेटवर्कका संयोजक देवेन्द्र सेजुवालको अध्यक्षतामा सम्पन्न सो साधारणसभामा युथ नेटवर्कका आर्थिक समिति संयोजक खगेन्द्र पुरीले आर्थिक प्रतिवेदन र व्यवस्थापन समिति संयोजक आशा थापाले प्रगतिप्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

यसैबीच नवनिर्वाचित संयोजक तथा सहसंयोजकको शपथ तथा पद हस्तान्तरण २०६६ भदौ २७ गते वीरेन्द्रनगरमा एक कार्यक्रमका साथ सम्पन्न भएको थियो ।

सो अवसरमा निर्वाचनअधिकृत तथा एआई नेपाल समूह-६९ का संयोजक विष्णुप्रसाद खनालले नवनिर्वाचित संयोजक तथा सहसंयोजकलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो भने युथ नेटवर्कका निवर्तमान संयोजक देवेन्द्र सेजुवालले संस्थाको निर्णयपुस्तिका नवनिर्वाचित संयोजक यमुना सापकोटालाई हस्तान्तरण गरी पद तथा जिम्मेवारी हस्तान्तरण गर्नुभएको थियो ।

त्यसै गरी सोही अवसरमा उपस्थित भेलाले अनिलकुमार शाहीको संयोजकत्वमा सुर्खेत अभियान प्रकाशन समिति, राजकुमार सिजापतीको संयोजकत्वमा आर्थिक समिति र आशा थापाको संयोजकत्वमा व्यवस्थापन समिति पनि गठन गरेको छ ।

युथ नेटवर्कका निवर्तमान संयोजक देवेन्द्र सेजुवालको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा समूह-६९ का संयोजक विष्णुप्रसाद खनाल, कोषाध्यक्ष वसन्तराज भण्डारी तथा सदस्यद्वय किरणराज रेग्मी र मोहनलाल पुलामीलगायत वक्ताले बधाई तथा शुभकामना मन्तव्य राख्नुभएको थियो ।

### फेदेन युथ नेटवर्क, पाँचथर

एआई नेपाल फेदेन युथ नेटवर्कको दोस्रो साधारणसभा गत भदौ ३० गते सम्पन्न भएको छ । साधारणसभाले सो नेटवर्कको संयोजकमा ओम खतिवडा, उपसंयोजकमा प्रतिमा रिजाललाई निर्वाचित गरेको छ ।

यस्तै कार्यक्रम संयोजकमा धनेन्द्र रिजाल, अर्थसंकलन संयोजकमा राधा राम, सूचना संयोजकमा सुशीला थेगिम, मानवअधिकार संयोजकमा प्रकाश बास्कोटा र सदस्यता विकास संयोजकमा डिबेन्द्र रिजाल छानिनुभएको छ ।

### युथ नेटवर्क बाग्लुङ

एम्नेस्टी इन्टरनेसनल नेपाल युथ नेटवर्क बाग्लुङको दोस्रो अधिवेशन नयाँ नेतृत्व चयन गर्दै भदौ ३० गते



बाग्लुङमा सम्पन्न भएको छ। प्रत्येक बालिकाका लागि सुरक्षित विद्यालय भन्ने मूलनाराका साथ शुरू भएको अधिवेशन उद्घाटन गर्दै प्रमुख अतिथि मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय महासचिव गंगाधर अधिकारीले सिर्जनशील युवाहरूलाई दलहरूले विभिन्न लडाकू दस्ताका रूपमा प्रयोग गर्ने कार्य तत्काल रोक्नुपर्ने बताउनुभयो। दलहरूले युवाको क्षमता अभिवृद्धि गर्नुको साटो भिडन्तमा उतार्न प्रयोग गरेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो।

सो कार्यक्रममा नेपाल पत्रकार महासंघका जिल्लाअध्यक्ष हरिनारायण गौतमले एम्नेस्टीले समयसापेक्ष रूपमा युवाहरूलाई परिचालन गरेर विकृतिविसंगतिबाट रोक्न सराहनीय काम गरेको बताउनुभयो।

युथ नेटवर्कका हरि शर्मा 'हरिश' को अध्यक्षतामा सम्पन्न अधिवेशनको उद्घाटनसत्रमा एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-४८ बाग्लुङका सहसंयोजक दिलीप पौडेलले शुभकामनामन्तव्य राख्नुभएको थियो। नेटवर्कका सदस्य गोविन्द पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागतमन्तव्य सदस्य कमला आचार्यले राख्नुभएको थियो।

अधिवेशनले आर्थिक तथा प्रगतिप्रतिवेदन पारित गर्दै विनोद पौडेलको नेतृत्वमा एम्नेस्टी इन्टरनेसनल नेपाल युथ नेटवर्क बाग्लुङको नयाँ कार्यसमिति चयन गरेको छ। समितिको सहसंयोजक रचना आचार्य तथा सदस्यहरूमा गोविन्द पौडेल, कमला आचार्य, विना शर्मा, दीनानाथ आचार्य, तुलसीराम सापकोटा, पार्वती सापकोटा, छविलाल लामिछाने, सञ्जय पौडेल र गोविन्दप्रसाद शर्मा छानिनुभएको छ।

निर्वाचनमण्डलका संयोजक विकास पौडेलले नवनिर्वाचित पदाधिकारीलाई कार्यकालको सफलताको शुभकामना दिनुभएको थियो।

### समूह-८६, काँकरभिट्टा

एआई नेपालअन्तर्गतको व्यापारी समूह-८६ को साधारणसभा भदौ २९ गते सम्पन्न भएको छ। सो साधारणसभाले आगामी दुई वर्षका लागि फाल्गुनी दाहाल (कुमार) को संयोजकत्वमा लक्ष्मीप्रसाद उप्रेती सहसंयोजक, एकराज नेपाल सचिव र डम्बरकुमारी थापा कोषाध्यक्ष रहनुभएको नयाँ कार्यसमिति चयन गरेको छ। समितिका सदस्यहरूमा भानुभक्त खनाल, चक्र बानियाँ, दिनेश अर्याल, सुरेन्द्र उप्रेती र वन्दना कश्यप रहनुभएको जनाइएको छ।

### समूह-२२, झापा

एआई नेपाल समूह-२२ झापाको साधारणसभा एआई नेपालका केन्द्रीय अध्यक्ष हेमकुमार खड्काको आतिथ्यमा असोज ४ गते सम्पन्न भएको छ। साधारणसभाले चन्द्र ढकालको संयोजकत्वमा रूपा खतिवडा सहसंयोजक, केशव पोखरेल सचिव र गोकुल हुमागाईं कोषाध्यक्ष रहनुभएको कार्यसमितिसमेत चयन गरेको छ। समितिका सदस्यहरूमा लक्षेन्द्र यादव, सुभद्रा नेपाल, रमा दवाडी, चन्द्र खनाल र डिल्लीराम खनाल चयन हुनुभएको छ।

### समूह-४५, पाँचथर

पाँचथरस्थित एम्नेस्टी इन्टरनेसनल नेपाल विश्वकञ्चन समूह-४५ को साधारणसभा गत भदौ ३० गते सम्पन्न भएको छ। सो साधारणसभाले समूहको नयाँ कार्यसमिति चयन गरेको छ, जसअनुसार संयोजकमा गोपालप्रसाद ढुंगाना, उपसंयोजकमा कृष्णराज पौडेल, सचिवमा मधु जबेगु (लम्बु), सहसचिवमा सञ्जु घिमिरे र कोषाध्यक्षमा टीका बास्कोटा निर्वाचित हुनुभएको छ। त्यस्तै सदस्यहरूमा मैयाँ घिमिरे, कल्पना खतिवडा, कल्पना राई र जसमाया राई निर्वाचित हुनुभएको छ।

### महिला समूह-७०, झापा

एआई नेपाल समूहको महिलासमूह-७० झापाको वार्षिक साधारणसभा २०६६ साउन ३१ गते झापामा

सम्पन्न भएको छ। एआई नेपालका केन्द्रीय अध्यक्ष हेमकुमार खड्काको अध्यक्षतामा सम्पन्न साधारणसभाले आगामी दुई वर्षका लागि सरस्वती केरुङको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ। कार्यसमितिका सहसंयोजकमा तुलसा दाहाल, सचिवमा जानकी श्रेष्ठ, कोषाध्यक्षमा चकचकी राजवंशी तथा सदस्यहरूमा मृदुला केरुङ, विमला श्रेष्ठ, नमुना निरौला, दीपा थापा, मैयाँ प्रसाईं, शिला सिवाकोटी र मीना उप्रेती छानिनुभएको छ। कार्यक्रमको अध्यक्षता सो समूहकी तत्कालीन संयोजक मैयाँ प्रसाईंले गर्नुभएको थियो।

### ⏭ श्रमिक समूह-८, काठमाडौं

एम्नेस्टी इन्टरनेसनल नेपाल श्रमिक समूह-८ काठमाडौंको साधारणसभा २०६६ भदौ २४ गते सम्पन्न भएको छ। तत्कालीन समूहसंयोजक शंकर लामिछानेको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथि तथा एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले कार्यक्रमको उद्घाटन गर्दै संस्थाका गतिविधिबारे प्रकाश पार्नुभएको थियो। सो अवसरमा विशेष अतिथि एआई नेपालका निर्देशक रामेश्वर नेपालले एम्नेस्टी इन्टरनेसनलको नयाँ अभियान डिमान्ड डिग्निटी (आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन) का बारेमा प्रकाश पार्नुभएको थियो। समापनसत्रमा समूहका कोषाध्यक्ष राधारमण भट्टराईले आर्थिक प्रतिवेदन र सचिव अशोकप्रकाश घिमिरेले संगठनात्मक प्रतिवेदन तथा आगामी दुई वर्षको कार्यक्रमबारेमा प्रकाश पार्नुभएको थियो।

उक्त साधारणसभाले ९ सदस्यीय नयाँ कार्यसमिति पनि चयन गरेको छ, जसमा संयोजक, सहसंयोजक, सचिव, कोषाध्यक्ष र सहसचिवमा क्रमशः अशोकप्रकाश घिमिरे, मीनकुमारी महर्जन, हेरम्बदेव भट्टराई, हेमराज



कटवाल र हरिकृष्ण भट्ट रहनुभएको छ। सदस्यहरूमा बेचन उराँव, श्रीनारायण चौधरी, रोशन बजगाईं र महिला सदस्यमा एक जना भने नियुक्त गर्न बाँकी रहेको जनाइएको छ। साथै सल्लाहकार शंकर लामिछाने हुनुहुन्छ।

सचिव हेरम्बदेव भट्टराईका अनुसार साधारणसभाले पाँचसूत्रीय कार्ययोजनासमेत तयार पारेको छ, जसमा आप्रवासी कामदारबारेमा एउटा राष्ट्रिय तहको कार्यशाला/अन्तरक्रिया गर्ने, आत्मसम्मानसहितको मानवअधिकारका बारेमा एउटा प्रदर्शन गर्ने, मे दिवसका दिन नियमित कार्यक्रम गर्ने, फन्ड बढाउने कार्यक्रम आयोजना गर्ने र मस्यौदा संविधान आएमा श्रमिक अधिकारसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम गर्ने रहेका छन्।

### ⏭ काठमाडौं युथ नेटवर्क, काठमाडौं



एआई नेपाल समूह-३ काठमाडौंअन्तर्गत रहेको काठमाडौं युथ नेटवर्कको दोस्रो वार्षिक बैठक २०६६ भदौ २७ गते काठमाडौंमा सम्पन्न भयो। युथ नेटवर्कका कोअर्डिनेटर कञ्चनप्रसाद खरेलको अध्यक्षता र समूह-३ का संयोजकको उपस्थितिमा भएको बैठकबाट कञ्चनप्रसाद खरेलद्वारा प्रस्तुत नेटवर्कका विगत २ वर्षका गतिविधि पारित गरियो। समूह-३ का संयोजक भवानीप्रसाद खरेलले एम्नेस्टी अभियानमा युवा सदस्यहरूको भूमिका विषयमा प्रशिक्षण दिनुभएको थियो। सो अवसरमा एआईको स्थापना यसको विकास र विस्तार एवम् यसको कार्यक्षेत्र र अभियान आदि विषयमा प्रकाश पारिएको थियो।

सोही बैठकले आगामी २ वर्षका लागि नवीना खरेलको संयोजकत्वमा कार्यसमिति गठन गरेको छ, जसमा थुप्तेन साम्फेल तामाङ सह-कोअर्डिनेटर, प्रविन श्रेष्ठ सचिव

र प्रभाकर पुडासैनी, जुनु विष्ट, एलिना खरेल, लाक्पा लामा, अपेक्षा निरौला र आयुष रेग्मी सदस्यहरूमा चयन हुनुभयो । नेटवर्कका संस्थापक कोअर्डिनेटर कञ्चनप्रसाद खरेललाई सल्लाहकारमा मनोनयन गरियो ।

### ⏭ एभरेस्ट युथ नेटवर्कको साधारणसभा

एआई नेपाल एभरेस्ट युथ नेटवर्कको दोस्रो वार्षिक साधारणसभा गत भदौ २७ गते काठमाडौंमा सम्पन्न भएको छ । युथ नेटवर्कका संयोजक रिपेश गुप्ताको अध्यक्षता र समूह-३ का संयोजक भवानीप्रसाद खरेलको उपस्थितिमा भएको बैठकमा नेटवर्कका संयोजक गुप्ताद्वारा प्रस्तुत विगत दुई वर्षको प्रतिवेदन पारित गरिएको थियो ।

सो अवसरमा समूह-३ का संयोजक भवानीप्रसाद खरेलले एआईमा युवाहरूको भूमिकाबारेमा प्रशिक्षण दिनुभएको थियो । सो सभाले आगामी दुई वर्षका लागि रिपेश गुप्ताको संयोजकत्वमा नयाँ कार्यसमिति गठन गरिएको छ, जसमा रिपेश गुप्ता कोअर्डिनेटर, करुणा खरेल सह-कोअर्डिनेटर, समीर मैनाली सचिव र दिपेश गुप्ता, शिवराम कटुवाल, विशाल पन्थी र प्रविन पोखरेल सदस्यमा चयन हुनुभएको छ ।

## समूह-६३, इटहरी

एआई नेपाल समूह-६३, इटहरीको २०६३ असार २३ गते सम्पन्न साधारणसभाले कवीन्द्र मण्डलको संयोजकत्वमा नौसदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । समूहका उपसंयोजकमा हरिलाल शाह चयन हुनुभएको छ भने सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः तिलकराम चौधरी, आनन्द पोखरेल र पूर्णिमा प्याकुरेल चयन हुनुभएको छ । यसै गरी सदस्यहरूमा सुमना राई, सुरेश वाग्ले, कमल बन्चार्य र चन्द्रनारायण विश्वास चयन हुनुभएको छ ।

## युथ नेटवर्क इटहरी

एआई नेपाल समूह-६३ मातहतको युथ नेटवर्कको २०६६ असार २७ गते सम्पन्न साधारणसभाले मिलन बुढाथोकीको संयोजकत्वमा सातसदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

कार्यसमितिमा सहसंयोजक रीता श्रेष्ठ चयन



हुनुभएको छ भने सदस्यहरूमा दुर्गा कार्की, सुनीता शर्मा, त्रिवेनकुमार सिंह, राजन कट्टेल र सन्तोष दाहाल चयन हुनुभएको छ । समूह-६३ का युथ संयोजक आनन्द पोखरेलको सभापतित्वमा सम्पन्न कार्यक्रमको प्रमुख आतिथ्य एआई नेपालका पूर्वउपमहासचिव राजनारायण मण्डलले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन युथ समूहका सदस्य मिलन बुढाथोकीले गर्नुभएको थियो भने स्वागतमन्तव्य रचना त्रितालले राख्नुभएको थियो ।

## दुहवी नेटवर्क

एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-६३, दुहवी नेटवर्कको पुनर्गठन २०६६ भदौ २७ गते सम्पन्न भयो ।



एआई नेपालका पूर्वउपमहासचिव रामनारायण मण्डलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमले खुसीला ओझाको संयोजकत्वमा नयाँ कार्यसमिति चयन गरेको छ । कार्यसमितिका सहसंयोजकमा विनोद सुवेदी तथा सदस्यहरूमा सुमित्रा दाहाल, एलिना पौडेल, संगीता राई, अजय मण्डल र सलमा सुब्बा रहनुभएको छ । ❖

# भावी संविधानमा युवावर्ग



सूर्यमोहन सापकोटा

नेपालमा संविधानसभाको निर्वाचनमार्फत २५ दल र स्वतन्त्र व्यक्तित्व गरी ६ सय १ संविधानसभा सदस्यलाई नेपाली जनताले नेपालको भावी संघीय लोकतान्त्रिक गणतन्त्र संविधान निर्माण गर्ने जिम्मा दिएका छन् । वि.सं. २००४, २००७, २०१५, २०१८ र २०४७ का संविधानले जनभावनालाई समेट्न नसकी नेपालको अन्तरिम संविधान २०६३ कामचलाउ संविधानका रूपमा विद्यमान छ । संविधानसभाले २०६७ जेठ १५ गतेभित्र नयाँ संविधान जारी गरिसक्नुपर्दछ । समानुपातिक, समावेशीकरणका आधारमा १० वटा विषयगत र ३ वटा प्रक्रियागत समिति गठन भई सबै समिति आआफ्ना कार्यक्षेत्रमा सक्रिय रूपमा जुटिरहेका छन् । यस घडीमा यो संविधान निर्माणका लागि युवावर्गको भूमिका र संविधानमा युवावर्गको स्थान कहाँ हुनुपर्दछ भन्नेबारेमा यो अवधारणापत्र केन्द्रित छ ।

संविधान के हो ? यसका सिद्धान्त, उद्देश्य र प्रक्रिया के-कस्ता हुन्छन् ? जिज्ञासाका विषय हुन् । देशको मूल कानुन, सरकारका लागि निर्देशिका, राज्य सञ्चालन गर्ने सहमतिको दस्तावेज, सरकारलाई शक्ति प्रदान गर्ने र शक्तिमाथि नियन्त्रण लगाउने कानुनी हतियार, नागरिक हकअधिकारको बडापत्र, राज्यको स्वरूप निर्धारण गर्ने लिखत, राज्यका अंग र तिनका सम्बन्ध निर्धारण गर्ने लिखत, राज्यका अंग र तिनका सम्बन्ध निर्धारण गर्ने कानुनका रूपमा संविधानलाई बुझ्न सकिन्छ ।

**आजसम्म निर्माण भएका संविधान नेपाली जनताका विचार र दृष्टिकोणबाट नभई शासकको दृष्टिकोणबाट बनेका हुँदा हाम्रो र राम्रो संविधान बन्न सकेनन् ।**

आजसम्म निर्माण भएका संविधानहरू नेपाली जनताका विचार र दृष्टिकोणबाट नभई शासकको दृष्टिकोणबाट बनेका हुँदा हाम्रो र राम्रो संविधान बन्न सकेनन् । २०४७ सालसम्मका संविधान केलाएर हेर्दा ६ वटा सिद्धान्तमा आधारित रहेर निर्माण भएको पाइन्छ । ती सिद्धान्त हुन्- सार्वभौमसत्ता, राजतन्त्र, शक्ति पृथकीकरण, शासनका प्रकार, मौलिक अधिकार र विधिको शासन । तर जनआन्दोलन-२ ले २०६३ सालको

अन्तरिम संविधान ल्यायो । रातन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको बीजारोपण गऱ्यो ।

विश्वमा संविधान निर्माणका उद्देश्य एकै प्रकृतिका पाइँदैनन् । हरेक मुलुकले आफ्ना मौलिक उद्देश्यहरूका आधारमा संविधान निर्माण गरेका हुन्छन् । यी उद्देश्यलाई केलाएर हेर्दा साझा उद्देश्यका रूपमा निम्न कुराहरूलाई लिन सकिन्छ-

१) राष्ट्र र राष्ट्रियताको संरक्षण र प्रवर्द्धन गर्न ।
२) शासनशक्तिलाई परिभाषित गर्न, बाँडफाँड गर्न र हस्तान्तरण गर्न ।
३) राजनीतिक पद्धति प्रदान गर्न ।
४) शासकीय पद्धतिको स्थापना गर्न ।
५) नागरिक र सरकारको सम्बन्ध परिभाषित गर्न ।
६) नागरिक हकअधिकारको रक्षा गर्न ।
७) यी उद्देश्य पूरा गर्ने संस्थाको सिर्जना गर्न ।

एउटा इतिहासको अन्त्य र अर्कोको सुरुआत हुँदा नयाँ संविधानको निर्माण हुने विश्वअनुभव छ । क्रान्ति, युद्ध, गृहयुद्ध वा जनआन्दोलनबाट राजनीतिक व्यवस्थामा परिवर्तन भएको अवस्थामा होस् वा संवैधानिक संकटमोचनका लागि, उपनिवेशबाट मुक्ति पाउन होस् वा लोकतान्त्रिक पद्धतिको स्थापना गर्नका लागि, राज्यका पुनः संरचना र सरकारको स्वरूप परिवर्तन गर्ने जनचाहनालाई मूर्तरूप दिन होस् वा कठोर संविधानको प्रतिशोधका लागि नयाँ संविधान जन्माइन्छ, जन्मन्छ । नयाँ संविधान जन्मने सर्वोत्कृष्ट माध्यमलाई संविधानसभा भनिन्छ, जसको प्रयोग संविधान निर्माणका लागि नेपालले गरिरहेको छ । यही प्रक्रियाबाट नेपालको शान्तिप्रक्रिया टुंगोमा पुग्नेछ ।

यो संविधानमा युवाको स्थान कस्तो रहनुपर्ने ? युवाका समस्या के-कस्ता छन् ? समाधानका उपायहरू के हुन सक्छन् ? त्यसतर्फ चर्चा गरौं ।

बृहत् नेपाली शब्दकोशको आँखामा युवा तरुण, जवानीले नछाडेको र बुढ्याइँले नछोएको व्यक्ति, मनोविज्ञानको आँखामा किशोर अवस्थामा (१३/१४ -१८ वर्षसम्म) र पूर्ववयष्क अवस्था (१८-४० वर्षसम्म) का व्यक्तिहरू, कार्लमार्क्सका आँखामा अर्थले चल्ने व्यक्ति, म्याक्सेभरका आँखामा सम्मानले चल्ने व्यक्ति, डार्विनका आँखामा प्रतियोगी प्रवृत्तिले चल्ने व्यक्ति, पाश्चात्य समाजवादीका आँखामा भोगले चल्ने व्यक्ति, मानवअधिकार विश्वव्यापी घोषणापत्रका आँखामा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक गरी पाँचवटै अधिकारका भोगकर्ता, राजनीतिक दलहरूका आँखामा सस्तो भोटबैंक, शिक्षाविद्का आँखामा गुणस्तरीय र व्यावसायिक शिक्षाका भोका, विज्ञान र प्रविधिको चमत्कारमा रम्ने व्यक्ति, परिवर्तनका आँखामा अग्रगामीका वाहक, विकासवादीका आँखामा विकासका वाहक । जुन आँखाले जहाँ हेऱ्यो त्यही युवावर्ग- जनवादी, धनवादी, मनवादी । गरमवादीको गरम बुद्धिमा, नरमवादीको नरम बुद्धिमा र मध्यममार्गीको मध्यम बुद्धिमा युवावर्ग देखिन्छ ।

युवावर्गका समस्या केलाउने हो भने नेपालका युवावर्ग समस्यैसमस्याका बीचमा रुमल्लिएका छन् । शान्तिपूर्ण जीवनयापनको समस्या, शिक्षाको समस्या, स्वास्थ्यको समस्या, रोजगारको समस्या, प्रतिभा पलायनको समस्या, गरिबीको समस्या, पहुँचको समस्या, राजनीतिक दलहरूले आस्थाका आधारमा युवाहरूलाई टुक्र्याएका कारणले टुक्रिनुपर्ने समस्या, अपहरणको समस्या, बेपत्ताको समस्या, बन्धक बन्नुपर्ने समस्या, यातनाको समस्या, जबर्जस्ती विद्रोही सेनामा रहनुपर्ने समस्या, दलित युवालाई दलित हुनुको समस्या, महिला युवालाई महिला हुनुको समस्या, जनजाति युवालाई जनजाति हुँदाको समस्या, सीमान्तकृत युवालाई सीमान्तकृत हुनुको समस्या, अपांग युवालाई अपांग हुनुको समस्या, विस्थापित युवालाई विस्थापित हुनुपर्दाको समस्या, सर्वहारा युवालाई सर्वहारा हुनुको समस्या । यसरी वर्गीय, जातीय, भाषिक, लैंगिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा नेपाली युवावर्गले समस्या भोगिरहनुपरेको छ । अर्थात् युवाका प्रमुख मुद्दाहरू शान्तिसुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगार, विभेदीकरण, पहिचानको खोजी, प्रतिभा पलायन र दलहरूको Conceptual Baggage हुन् भन्न सकिन्छ ।

यी समस्याबाट युवावर्गको सुनिश्चित र सुरक्षित भविष्य निर्माणका उपायहरूको खोजी गर्नु आजको आवश्यकता हो । सबै समस्याको जरो देशको राजनीतिक तरलता हो । यसमा स्थायित्व भई दिगो शान्तिसुरक्षा कायम हुन सकेमा विज्ञान र प्रविधिले दिन-प्रतिदिन गरेको प्रगतिलाई नेपाली युवावर्गले उपयोग गर्न सक्नेछ । निदानका उपायहरू खोजी गर्ने क्रममा निःशुल्क र सबैका लागि अनिवार्य शिक्षा, विश्वबजारमा बिक्री हुन सक्ने गुणस्तरीय र स्वदेशमै गरिखाने शिक्षा अर्थात् व्यावसायिक शिक्षाको उचित प्रबन्ध गर्नु एउटा निदान हुन सक्छ । यसका लागि पुँजीवादीहरूको उपयोगितावादी शिक्षा, साम्यवादीहरूको जनवादी शिक्षा, समाजवादीहरूको उत्पादनमुखी शिक्षा, प्रजातन्त्रवादीहरूको जीविकोपार्जन शिक्षालाई मिलाएर पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्रीको निर्माण, शिक्षणविधि र मूल्यांकनको व्यवस्था गर्नुपर्छ ।

खुला विश्वविद्यालय, कृषि विश्वविद्यालय खोलिने अवधारणाहरू ल्याइनुपर्दछ । युवावर्गलाई एड्स र लागू औषधजस्ता स्वास्थ्यसँग सरोकार रहने समस्याले गाँजेको छ । भोलिका सन्ततिलाई यी र यस्ता स्वास्थ्यसम्बन्धी समस्याबाट बचाउनका लागि उचित कदम राज्यले चाल्नुपर्दछ । बेरोजगारी समस्या नेपालको क्यान्सर बनेको छ । शान्तिसुरक्षा र बेरोजगारी समस्या देखाएर नेपाली युवावर्गको प्रतिभा पलायन भएको अवस्था छ । यसलाई रोक्नका लागि रोजगारका क्षेत्रहरू कृषि, उद्योग, व्यापार, पर्यटन र जलस्रोतका क्षेत्रमा चामत्कारिक उन्नति गरी रोजगार र स्वरोजगारको ढोका खोलिनुपर्दछ । आफ्नै देशमा भविष्य सुनिश्चित देखिन्छ भने कोही पनि युवाको प्रतिभा पलायन हुने चाहना हुँदैन । यसो भएको खण्डमा नेपालको गरिबी पनि हट्नेछ । विभेदीकरण हाम्रो पुर्ख्यौली संस्कृति बनेको छ । यो संस्कृतिलाई संविधान, कानुन र व्यवहारमा कडा रूपमा प्रतिबन्ध लगाइनुको विकल्प छैन र यो पनि सत्य हो कि एकै दिनमा यो संस्कृति मेटिँदैन तर मेटाउने प्रयासको थालनी हुनु आवश्यक छ । सबै जातजाति, क्षेत्र, सम्प्रदायका नेपालीले आफ्नो पहिचान बचाएर राख्न पाउनुपर्दछ । नेपाली युवालाई आस्थाका आधारमा टुक्राटुक्रा बनाइएको छ । जय नेपाल टुक्रे, अभिवादन टुक्रे, लालसलाम टुक्रे, जय मातृभूमि टुक्रे, जय राष्ट्र जय जनता टुक्रे आदिआदि ।

> **“संविधान निर्माणका लागि युवावर्गको महत्वपूर्ण भूमिका छ । नेपालमा भएका हरेक आन्दोलनको अगुवाइ युवावर्गले गरेको छ । तसर्थ संविधान निर्माणका क्रममा पनि संविधानले निर्दिष्ट गरेको समय वि.सं. २०६७ साल जेठ १५ गतेभित्र नयाँ संविधान जारी गर्न प्रेसर ग्रुपको काम गरेर होस् वा संविधानको मस्यौदा जनसमक्ष आउँदा सबै नेपालीले छलफल गर्न पाउने वातावरण मिलाउने क्रममा होस्, युवावर्गको चासो भई नै रहनुपर्दछ ।”**

राजनीतिक स्वार्थका कारण छिमेकी बन्न दिएनन्, आफन्त बन्न दिएनन्, यो क्रम भान्सादेखि कार्यालयसम्म पुग्यो । यसको समाधान पनि दलहरूसँगै छ, प्रत्येक टुक्रालाई जोड्ने सांस्कृतिक, प्राविधिक र राजनीतिक उपायको खोजी गरेर । देशनिर्माण युवाहरूको बीचमा विभाजन गरेर होइन, एकता गरेर मात्र हुन्छ, जुन राजनीतिक दलहरूले मिलेर गर्न सक्छन् ।

नेपालका राजनीतिक दलहरूको चस्माले युवावर्गलाई हेर्दा तिनका घोषणापत्रमा जानुपर्ने हुन्छ । नेपालका सबै दलका घोषणापत्र अवधारणा प्रस्तोतासँग उपलब्ध नभएको र सबैलाई उल्लेख गर्न सम्भव पनि नभएका कारण प्रमुख तीन दलका घोषणापत्रका आधारमा हेर्ने क्रममा नेकपा ( माओवादी) ले युवाहरूको समस्या समाधानका लागि उच्चस्तरीय युवा आयोगकै गठन गर्नुपर्ने देख्यो । नेपाली कांग्रेसले शिक्षाको पहुँचमा सर्वसुलभ र गुणस्तरीय बनाउने सीपमूलक शिक्षामार्फत युवा रोजगारीको अवसर दिने र ज्ञान र प्रविधिशक्तियुक्त बनाएर युवापुस्ताको सुरक्षित भविष्य सुनिश्चित हुने देख्यो । त्यसै गरी नेकपा (एमाले) ले शिक्षा, स्वास्थ्य र रोजगारका लागि युवा राष्ट्रिय परिषद् र रोजगार बैंकको स्थापना गर्नेदेखि युवा मन्त्रालयको व्यवस्था गर्नेसम्मका उपाय देखेको छ । अन्य दलले पनि युवालाई महत्वपूर्ण स्थान दिएका छन् ।

माथिका चर्चाका आधारमा भावी संविधानमा युवाका के कुरालाई मौलिक हकका रूपमा र के कुरालाई संवैधानिक ग्यारेन्टी गरिनुपर्छ भन्ने सन्दर्भमा गुणस्तरीय, व्यावसायिक, क्रमशः निशुल्क र सर्वसुलभ शिक्षा, स्वास्थ्य र क्षमताअनुसारको रोजगारीको ग्यारेन्टी राज्यले लिने गरी भावी संविधानमा मौलिक हकको व्यवस्था गरिनुपर्छ । संविधानले युवावर्गलाई ध्यानमा राखी प्रतिभा पलायन हुनबाट रोक लगाउने संयन्त्रको विकास गर्नुपर्छ । अरूको जस्ताको तस्तै सिको होइन, हाम्रै देशको मौलिकपनमा आधारित रहेर माथिका युवावर्गका समस्या र निदानका उपायको खोजी गरिएको हुनुपर्दछ । दलहरूका उच्चस्तरीय युवा आयोग, युवा मन्त्रालय, रोजगार बैंकको स्थापनाजस्ता सकारात्मक सोच संविधानले समेट्नुपर्दछ, जुन कुरा संविधानमा उल्लेख गर्न सम्भव छैन भने ऐन, कानुनमा समेटिनुपर्दछ । गरिबी निवारणका लागि कृषि, पर्यटन र जलस्रोतका क्षेत्रबाटै निकास खोजिने ग्यारेन्टी संविधानले देखाउनुपर्दछ ।

संविधान निर्माणका लागि युवावर्गको महत्वपूर्ण भूमिका छ । नेपालमा भएका हरेक आन्दोलनको अगुवाइ युवावर्गले गरेको छ । तसर्थ संविधान निर्माणका क्रममा पनि संविधानले निर्दिष्ट गरेको समय वि.सं. २०६७ साल जेठ १५ गतेभित्र नयाँ संविधान जारी गर्न प्रेसर ग्रुपको काम गरेर होस् वा संविधानको मस्यौदा जनसमक्ष आउँदा सबै नेपालीले छलफल गर्न पाउने वातावरण मिलाउने क्रममा होस् युवावर्गको चासो भई नै रहनुपर्दछ । छिमेकी देशले आँखा लगाउने सन्धिसम्झौतासम्बन्धी संविधानको व्यवस्थामा होस् वा आत्मरक्षाको नाममा देश टुक्र्याउन पाउनुपर्छ भन्ने अपव्याख्यालाई निरुत्साहित गर्न होस्, युवावर्गले 'वाच डग' को भूमिका खेल्नुपर्दछ । टुक्राटुक्रामा विभाजित भएर होइन, अनेकतामा एकता खोजेर ।

नेपालमा संविधानसभामार्फत नयाँ संविधान लेखिँदै छ । युवावर्गका तमाम समस्याहरू छन् । समाधानका विकल्पहरू छन् । उचित विकल्पको छनोटको खाँचो छ । राज्य र राजनीतिक दलको प्रतिबद्धताको खाँचो छ । शिक्षामा लगानी बढाउनुपर्ने खाँचो छ । युवावर्गको शक्तिलाई दलगत स्वार्थभन्दा माथि उठाएर एकजुट गराई देशनिर्माणमा लगाउने प्रतिबद्धताको खाँचो छ । गुणस्तरीय र व्यावसायमूलक रोजगारीको प्रबन्ध गरी प्रतिभा पलायनलाई रोक्नुपरेको छ । युवावर्गले हाम्रो भविष्य यो संविधानले सुनिश्चित गरेको छ भन्ने अनुभूति हुने खालको संविधान लेखिनुपरेको छ । देशभक्ति र समानुपातिक समावेशी झल्किनुपरेको छ ।

*(लेखक एआई नेपालको बर्दियास्थित समूह-५२ का संयोजक हुनुहुन्छ ।)*

❖

# बालबालिकासँग एआई नेपाल

### ⏭ ललितपुरमा बालअधिकारको चर्चा



एआई नेपाल समूह-६१ ललितपुरले राष्ट्रिय बालदिवसको उपलक्ष्यमा गत भदौ २६ गते पाटनको खोकनास्थित युवा प्रतिभा माविमा मानवअधिकार र एम्नेस्टी इन्टरनेसनलका विषयमा कक्षा ८ र ९ मा अध्ययनरत विद्यार्थीहरूलाई जानकारी दिने उद्देश्यले एक कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा समूहसंयोजक अरुणकुमार वज्राचार्यले एआईको स्थापना, यसको महत्व, विश्वमा यसको प्रभाव, आस्थाका बन्दीलाई छुटाउन यसले खेलेको भूमिका, नेपालमा यसको प्रवेश तथा विकास र विस्तारका बारेमा जानकारी गराउनुभएको थियो । साथै एआईको कार्यक्षेत्रका बारेमा जानकारी दिँदै बालअधिकारको विकासको बारेमा पनि बोल्नुभएको थियो ।

समूहका सल्लाहकार विवेन्द्र प्रधानाङ्गले बालअधिकार, नेपालमा यसको अवस्था तथा बालअधिकारबारेमा अभिभावकको भूमिकाका बारेमा जानकारी गराउनुभएको थियो । साथै बालबालिकाले बालअधिकारबारेमा उठाएका जिज्ञासाको समेत उहाँले जवाफ दिनुभएको थियो ।

कार्यक्रममा ९० जना विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रममा समूहका सल्लाहकार ओमराज ढकाल, सचिव नवराज कार्की, कोषाध्यक्ष सोमेन्द्रराज जोशी, कार्यसमिति सदस्यहरू श्रीमती सहनशीला शर्मा, प्रेमभक्त महर्जन र रूपक महर्जनको पनि उपस्थिति थियो । कार्यक्रमको सञ्चालन समूहका कार्यसमिति सदस्य तथा कार्यक्रम संयोजक प्रेमरत्न महर्जनले गर्नुभएको थियो ।

### ⏭ कञ्चनपुरमा सचेतना कार्यक्रम

एआई नेपाल कञ्चनपुर निर्माणाधीन समूहको आयोजनामा २०६६ असोज ७ गते महेन्द्रनगरस्थित ग्लोबल एकेडेमीमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई मानवअधिकारका विषयमा सचेतना दिलाउन एक कार्यक्रम आयोजना गरियो । सो निर्माणाधीन समूहका संयोजक भोजराज भट्टको उपस्थितिमा सम्पन्न कार्यक्रममा समूहका सचिव नरबहादुर साउद, सहसचिव माधवप्रसाद जोशी, सदस्यहरू रोन्द्र चुनारा र सरला खड्काको पनि



उपस्थिति रहेको थियो । सो कार्यक्रमको सञ्चालन गर्दै सहसचिव माधवप्रसाद जोशीले एआईबारे प्रकाश पार्नुभएको थियो भने मानवअधिकारका बारेमा सदस्य लक्ष्मी जोशीले प्रकाश पार्नुभएको थियो ।

### ⏭ चितवनमा चित्रकला

एआई नेपाल समूह-६४ चितवनले गत भदौ २९ गते अन्तरनिमाविं चित्रकला प्रतियोगिताको आयोजना गऱ्यो । बालदिवसका दिन आयोजित सो कार्यक्रममा १५ विद्यालयका १५ जना छात्रछात्राको सहभागिता थियो । कार्यक्रम नेपाल रेडक्रस सोसाइटी उपशाखा कार्यालय रत्ननगरका कार्यवाहक सभापति शालिकराम



सापकोटाको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । सभाको अध्यक्षता समूहसंयोजक रामचन्द्र मिश्रले गर्नुभएको थियो । प्रतियोगितामा रत्ननगर-५ को चित्रसारी माविका विष्णु नेपालीले प्रथम, रत्ननगर-९ को बकुलर निमाविका उषा कानुले द्वितीय र रत्ननगर-१० को लिरौना निमाविकी पूजा लामाले तृतीय स्थान हासिल गरेका थिए । सोही निमाविका सुजन श्रेष्ठले सान्त्वना पुरस्कार पाएका थिए ।

### ⏭ भक्तपुरमा मानवअधिकार शिक्षा

भक्तपुर महिला जेसिज र जुनियर जेसिजको संयुक्त आयोजनामा भक्तपुर दरबार स्क्वायरस्थित पद्म माध्यमिक विद्यालयका विद्यार्थीका लागि मानवअधिकारसम्बन्धी विषयमा भदौ १७ गते एक कार्यक्रम आयोजना गरियो । सो कार्यक्रममा एआई नेपाल पुनरावेदन समितिका संयोजक श्यामराज घिमिरेले मानवअधिकारका विभिन्न पक्षमाथि प्रकाश पार्नुभएको थियो । सो कार्यक्रममा श्री पद्म माविका करिब ५० जना विद्यार्थीको उपस्थिति रहेको थियो । उक्त कार्यक्रम सम्पन्न गर्न समूह-५० भक्तपुरकी संयोजक मंगला मगजुले एआई नेपाल र भक्तपुर जेसिजका बीच समन्वय गर्नुभएको थियो ।



### ⏭ पोखरामा बालअधिकारसम्बन्धी प्रशिक्षण

बालदिवसको अवसरमा एम्नेस्टी इन्टरनेसनल नेपाल अन्नपूर्ण समूह-५४ पोखराको आयोजनामा 'हामी सबैको सरोकार नयाँ संविधानमा सुनिश्चित बालअधिकार' विषयक बालप्रशिक्षण कार्यक्रम गत भदौ २९ गते महेन्द्र उच्चमावि, नयाँबजारमा सम्पन्न भयो । एआई नेपाल, अन्नपूर्ण समूह-५४ का संयोजक रामराज लामिछानेको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा उक्त विद्यालयका माध्यमिक तहका विद्यार्थीलाई प्रशिक्षण दिइएको थियो ।

कार्यक्रमको उद्घाटन नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष तथा एआई नेपाल अन्नपूर्ण समूह-५४ का सदस्य मुकुन्द शर्मा पौडेलले गर्नुभएको थियो । कुल ६५ जना विद्यार्थीको सहभागिता रहेको सो प्रशिक्षण



कार्यक्रमलाई एआई नेपाल अन्नपूर्ण समूह-५४ का सल्लाहकार नीलबहादुर केसी र कार्यसमिति सदस्य तथा प्रशिक्षण उपसमिति संयोजक चूडामणि सुवेदीले सहजीकरण गर्नुभएको थियो । एआई नेपाल अन्नपूर्ण समूहका सहसचिव होमनाथ कोइरालाले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो भने प्रशिक्षणको कार्यक्रमबारे प्रचारप्रसार संयोजक विवेक घिमिरेले जानकारी गराउनुभएको थियो ।

सो अवसरमा एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठ, राष्ट्रिय मानवअधिकार आयोगका पश्चिमाञ्चलक्षेत्रीय कार्यालय पोखराका प्रवर्द्धन अधिकृत बद्री सुवेदी, महेन्द्र उच्चमाविका प्रअ युवराज पहारी, एआई अन्नपूर्ण समूह-५४ का कार्यसमिति सदस्य तथा महिला उपसमिति संयोजक शोभा पौडेल, समूह-५४ मातहतको माछापुच्छ्रे युथ नेटवर्कका गणेश पौडेलगायतले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो । ❖

### समूह-७२, काभ्रे



बडादशैं २०६६ को अवसरमा एआई नेपाल समूह-७२ पनौतीले गत असोज ८ गते एक शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको छ । पूर्वसंयोजक सुरेश सैंजुको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पूर्वसंयोजकहरू राजन श्रेष्ठ, राजाराम कर्माचार्य, शम्भुलाल श्रेष्ठ, निमित्त संयोजक कृष्णबहादुर श्रेष्ठ, समूह-४३ का संयोजक टीकाभक्त भोछिभोय, प्रहरीचौकी पनौतीका प्रमुख दीपक भारती, कार्यसमितिका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सभापतित्व संयोजक उद्धव अधिकारीले गर्नुभएको थियो ।

### समूह-६३, इटहरी




बडादशैं २०६६ कै अवसरमा एआई नेपाल समूह-६३ इटहरीले शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रमको उद्घाटन एआई नेपालका पूर्वउपमहासचिव रामनारायण मण्डलले गर्नुभएको थियो । कार्यक्रममा समूहसंयोजक, उपसंयोजक र सचिव क्रमशः कवीन्द्र मण्डल, हरिकान्त शाह, तिलकराम चौधरी, इटहरी समूह-६३ का युथ संयोजक मिलन बुढाथोकी, दुहबी युथ नेटवर्कका संयोजक खुसीला ओझालगायतको सहभागिता थियो । त्यस्तै समूह सदस्य, युथ सदस्य, व्यापारी, बुद्धिजीवी, विद्यार्थीलगायतको समेत सो अवसरमा सहभागिता थियो । कार्यक्रमको अन्त्यमा पूर्वउपमहासचिव मण्डलले सम्पूर्ण सहभागीलाई दशैंको शुभकामना दिँदै मानवअधिकारप्रति बढी सक्रियताका साथ अघि बढ्ने दृढता व्यक्त गर्नुभएको थियो ।

### समूह-४१, विराटनगर

विजयादशमी २०६६ को उपलक्ष्यमा एम्नेस्टी इन्टरनेसनल समूह-४१ विराटनगरले गत असोज ९ गते विराटनगरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रमको सभापतित्व समूहसंयोजक किशोर भट्टराईले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन समूहसचिव लव ताम्राकारले गर्नुभएको थियो भने उपस्थित सबैले एकअर्कामा शुभकामना आदानप्रदान गर्नुभएको थियो ।

### पोखरामा तिहार कार्यक्रम

एम्नेस्टी इन्टरनेसनल नेपाल शिक्षक तथा सामाजिक कार्यकर्ता समूह-८२ पोखराले शुभ दीपावली २०६६ को उपलक्ष्यमा गत असोज २९ गते शुभकामना आदानप्रदान तथा जलपान कार्यक्रम आयोजना गरेको छ । स्थानीय मेरिल्यान्ड पार्टी प्यालेस, महेन्द्रपुलमा आयोजित सो कार्यक्रममा प्रमुख अतिथि एवम् एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठका साथै अन्य अतिथिले संयुक्त रूपमा दीपप्रज्वलन गरी देउसी प्रारम्भ गर्नुभएको थियो ।

कार्यक्रममा शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक रामप्रसाद घिमिरे, इन्सेक क्षेत्रीय कार्यालयका टंक खनाल, मधु पन्थी, एआई समूह-८२ का सल्लाहकार हेरम्बप्रसाद कोइराला, एआई नेपाल



समूह-५४ का पूर्वसंयोजक कमल कुँवर, जिप्रका कास्कीका प्रमुख रमेश खरेल, गरिब विकास बैंक न्युरोडका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकाललगायतका अतिथि एवम् समूहका सदस्यहरू, एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाका निर्देशक रामेश्वर नेपाल, साथै वाराही युथ नेटवर्कका सदस्यहरूबीच शुभकामना आदानप्रदान तथा जलपान कार्यक्रम गरिएको थियो ।

समूहका संयोजक पुण्यप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागतमन्तव्य उपसंयोजक देवमणि भण्डारीले व्यक्त गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन सचिव गीता विष्टले गर्नुभएको थियो । ❖

---

# हार्दिक समवेदना



**स्व. चित्रबहादुर थापा**

**जन्म** :- १९८०/१२/३०

**मृत्यु** :- २०६६/०६/०२

**एआई नेपाल समूह-८२ का क्रियाशील सदस्य पोखरा-७, रत्नचोकका प्रेमबहादुर थापाका पिता चित्रबहादुर थापाको असामयिक निधन भएकोमा एआई नेपाल परिवार स्तब्ध भएको छ । हामी मृतकको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

## सच्याइएको

अभियान समाचारको जुलाई/अगस्ट २००९ को अंकको पृष्ठ-३३ मा प्रकाशित समूह ६२ नेपालगन्जको साधारणसभासम्बन्धी समाचारमा टाइपिङ त्रुटिका कारण 'सो समूहका संयोजक राणा बलरामजंग र कोषाध्यक्ष लक्ष्मी तिवारीले जानकारी गराउनुभएको छ' हुनुपर्नेमा अन्यथा पर्न गएकोले सच्याइएको छ ।

**प्रकाशन विभाग**
**एआई नेपाल**

# मानवअधिकार तथा एम्नेस्टी इन्टरनेसनलसम्बन्धी अभिमुखीकरण कार्यशाला

**एआई नेपालले आफ्नो संस्थामा आबद्धता लिएका समूह तथा युथ नेटवर्कहरुका लागि यस संस्थाको संस्थागत विषय, मानवअधिकार तथा मानवीय कानुनका बारेमा कार्यशाला सञ्चालन गर्ने गरेको छ । यस क्रममा विभिन्न समूहमा त्यस्ता कार्यक्रम भएका समाचार प्राप्त भएका छन् ः**

### ⏭ कञ्चनपुर




एआई नेपाल कञ्चनपुरस्थित निर्माणाधीन समूहले गत भदौ २० गते सो समूहका सदस्यका लागि अभिमुखीकरण कार्यशाला आयोजना गऱ्यो । कञ्चनपुर उद्योग वाणिज्य संघका उपाध्याक्ष जनकराज भट्ट तथा विशेष अतिथि एआई नेपाल राष्ट्रिय कार्यसमितिका सदस्य राजनप्रसाद कुइँकेल र एआई नेपालका निर्देशक रामेश्वर नेपाललगायतका व्यक्तित्वहरू सहभागी हुनुहुन्थ्यो ।

### ⏭ स्याङ्जा

एआई नेपालअन्तर्गतको स्याङ्जा निर्माणाधीन समूहका सदस्यहरूका लागि मानवअधिकार तथा एम्नेस्टी इन्टरनेसनलका बारेमा जानकारी गराउने उद्देश्यले २०६६ असोज ३० गते एक अभिमुखीकरण कार्यशाला आयोजना गरियो । कार्यशालामा सो निर्माणाधीन समूहका २२ जना सदस्यको उपस्थिति थियो । उक्त कार्यक्रममा एआई नेपालका केन्द्रीय सदस्यद्वय चेतनारायण भुसाल एवं निर्मलबाबु श्रेष्ठ तथा निर्देशक रामेश्वर नेपालले मानवअधिकार तथा मानवीय कानुन, एआईको स्थापनादेखि हालसम्मको संस्थागत विकासक्रम, संस्थागत कार्यप्रणाली एवं संरचना, एआई सदस्यहरूको कार्य तथा भूमिकालगायत विषयमा जानकारी गराउनुभएको थियो ।

यसअघि सोही दिन आयोजित उक्त कार्यशालाको उद्घाटनसत्रमा स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारी नन्दीकेशर त्रिपाठी, नेपाल प्रेस युनियनका स्याङ्जा जिल्ला अध्यक्ष प्रेम पौडेल, नेपाल रेडक्रस स्याङ्जा जिल्ला शाखाकी कार्यक्रम अधिकृत गीता लम्साल, स्याङ्जा एफएमका समाचार शाखाप्रमुख इन्द्र गोदार, स्याङ्जा दर्पणका सम्पादक प्रकाश डोटेल, एआई नेपाल स्याङ्जा निर्माणाधीन समूहका कोषाध्यक्ष गोकुल अधिकारीलगायतले शुभकामनामन्तव्य व्यक्त गर्नुभएको थियो । उद्घाटनसत्रको प्रारम्भमा एआई नेपालका निर्देशक रामेश्वर नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख उत्तम सुवेदी तथा नेपाली सेनाका सेनानीको पनि उपस्थिति रहेको थियो ।



आयोजक समूहकी सचिव सिर्जना लामिछानेद्वारा सञ्चालित सो उद्घाटनसत्रको अध्यक्षता समूहसंयोजक भरतप्रसाद लम्सालले गर्नुभएको थियो ।

## धादिङ

धादिङस्थित एआई नेपालअन्तर्गतको निर्माणाधीन समूहका सदस्यहरूलाई मानवअधिकार तथा एम्नेस्टी इन्टरनेसनलका बारेमा जानकारी गराउने उद्देश्यले २०६६ कात्तिक ७ गते एक अभिमुखीकरण कार्यशाला आयोजना गरियो । उक्त कार्यक्रममा एआई नेपालका



उपाध्यक्ष केशव सिग्देल तथा उपमहासचिव उत्तम सापकोटाले मानवअधिकार तथा मानवीय कानुन, एआईको स्थापनादेखि हालसम्मको संस्थागत विकासक्रम, संस्थागत कार्यप्रणाली एवम् संरचना, एआई सदस्यहरूको कार्य तथा भूमिकालगायत विषयमा जानकारी गराउनुभएको थियो ।

यसअघि सोही दिन आयोजित उक्त कार्यशालाको उद्घाटनसत्रमा एआई नेपालका उपाध्यक्ष केशव सिग्देल, भूतपूर्व सांसद रामनाथ अधिकारी, समूहसंयोजक विष्णुप्रसाद अधिकारीलगायतले विविध विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## रामपुर, चितवन

एआई नेपालअन्तर्गत चितवनको रामपुरस्थित युथ नेटवर्कका सदस्यहरूका लागि मानवअधिकार तथा एम्नेस्टी इन्टरनेसनलका बारेमा जानकारी गराउने



उद्देश्यले २०६६ साउन १७ गते एक अभिमुखीकरण कार्यशाला आयोजना गरियो । उक्त कार्यक्रममा एआई नेपालका केन्द्रीय सदस्य राजन कुइँकेल, निर्देशक रामेश्वर नेपाल तथा युथ नेटवर्क नेसनल वर्किङ ग्रुपकी सदस्य रमा पौडेलले मानवअधिकार तथा मानवीय कानुन, एआई ऐतिहासिक पृष्ठभूमि, संस्थागत कार्यप्रणाली एवम् संरचना, एआई सदस्यहरूको कार्य तथा भूमिकालगायत विषयमा जानकारी गराउनुभएको थियो । साथै सोही कार्यक्रममा एआईले उठान गरेका मानवअधिकारसम्बन्धी घटनाउपर कसरी अनलाइन अभियानमा सहभागी हुने भन्ने विषयमा पनि प्रस्तुतीकरण गरिएको थियो ।

## इटहरी

एआई नेपाल समूह-६३ इटहरीले गत भदौ २० गते नयाँ सदस्य तथा युथ नेटवर्क सदस्यका लागि




एम्नेस्टी र मानवअधिकार विषयमा एकदिने अनुशिक्षण कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा समूह-

६३ का संयोजक, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य क्रमशः कवीन्द्र मण्डल, तिलकराम चौधरी, आनन्द पोखरेल, पूर्णिमा प्याकुरेल, सुरेश बाग्ले र सुमना राई तथा इटहरी युथ नेटवर्कका मिलन बुढाथोकीको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा एआई नेपालका पूर्वउपमहासचिव जयनारायण मण्डल र गणेश खत्रीले प्रशिक्षण दिनुभएको थियो ।

## दोलखामा कार्यशाला

एआई नेपालअन्तर्गतको दोलखा निर्माणाधीन समूहका सदस्यहरूलाई मानवअधिकार तथा एम्नेस्टी इन्टरनेसनलका बारेमा जानकारी गराउने उद्देश्यले २०६६ भदौ २७ गते एक अभिमुखीकरण कार्यशाला आयोजना गरियो । उक्त कार्यक्रममा एआई नेपालका उपाध्यक्ष केशव सिग्देलले मानवअधिकार तथा मानवीय कानुन, एआईको स्थापनादेखि हालसम्मको संस्थागत विकासक्रम, संस्थागत कार्यप्रणाली एवम् संरचना, एआई सदस्यहरूको कार्य तथा भूमिकालगायतका विषयमा जानकारी गराउनुभएको थियो ।

## झापामा परिचयात्मक कार्यक्रम

एआई नेपालमा आबद्ध काँकरभिट्टास्थित मेची युथ नेटवर्कले नयाँ सदस्यका लागि एकदिने एआई परिचयात्मक कार्यक्रमको आयोजना गर्‍यो ।



कार्यक्रमको सहजीकरण एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले गर्नुभएको थियो भने युथ नेटवर्कका संयोजक भूमिका सुब्बा र एसिया प्यासिफिक अनलाइन एम्बेसडर सुनीता केसीले एआई अभियानका विविध पक्षबारे चर्चा गर्नुभएको थियो । उक्त कार्यक्रममा विद्यार्थीहरूले चासोसहित अन्तरक्रिया गरेको नेटवर्कका संयोजक भूमिका सुब्बाले बताउनुभयो ।

## धनकुटामा हाजिरीजवाफ विधिबाट एआईसम्बन्धी अनुशिक्षण

निशानदीप समूह-१ धनकुटाले शुभ विजयादशमी, दीपावली तथा अन्तर्राष्ट्रिय शान्तिदिवसको उपलक्ष्यमा असोज ५ गते समूहका सदस्यहरूबीच हाजिरीजवाफ तथा अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

सो कार्यक्रममा एआईसम्बन्धी जानकारी दिने अभिप्रायले समूहकै सदस्यहरूलाई विभिन्न समूहमा विभाजित गरी हाजिरीजबाफ प्रतियोगितामा सहभागी गराइएको थियो ।

समूहका सदस्यहरूमध्ये किसान, महिला तथा शिक्षक समूह बनाई तिनीहरूबीच एआईका गतिविधि तथा कार्यक्रमका बारेमा सदस्यहरूलाई प्रतिस्पर्धामा उतारी हाजिरीजवाफ कार्यक्रम गरिएको थियो । हाजिरीजवाफमा एआईसम्बन्धी थुप्रै प्रश्न सोधिएको थियो । किसान समूहको नेतृत्व बुद्धिकान्त घिमिरे, शिक्षक समूहको नेतृत्व विगेन्द्र याखा र महिला समूहको नेतृत्व वसन्ती राईले गर्नुभएको थियो । हाजिरीजवाफ कार्यक्रममा प्रथम हुने शिक्षक समूहलाई २ सय रुपियाँ, द्वितीय हुने महिला समूहलाई १ सय ५० रुपियाँ र तृतीय हुने किसान समूहलाई १ सय रुपियाँ नगद समूहसंयोजक विगेन्द्र याखाले पुरस्कारस्वरूप प्रदान गर्नुभएको थियो ।

समूह सदस्यहरूबीच नै गरिएको सो हाजिरीजवाफ कार्यक्रम निकै मनोरञ्जक भएको एआई नेपालकी नयाँ सदस्य सिन्धु श्रेष्ठले कार्यक्रम सकिएपछि बताउनुभएको थियो ।

कार्यक्रममा नयाँ सदस्यतासमेत वितरण गरिएको थियो । कार्यक्रमको अन्त्यमा हाजिरीजवाफमा सहभागी पुरस्कार विजेताहरूले आफूले पाएको पुस्काररराशि सबै मिलेर समूहसंयोजक विगेन्द्र याखालाई समूहका लागि एउटा कुर्सी किन्न प्रदान गर्नुभएको थियो ।

गोकुण्डेश्वर मावि धनकुटामा आयोजित सो कार्यक्रमका प्रमुख अतिथि अधिवक्ता आनन्दसन्तोषी राई हुनुहुन्थ्यो भने अन्य अतिथिमा किसान तथा समाजसेवी धनकेशर खड्का तथा धनकुटा जिल्ला अदालत बार एसोसिएसनका अध्यक्ष गोपालबहादुर भट्टराई हुनुहुन्थ्यो । सो अवसरमा निशानदीप समूहले आनन्दसन्तोषी राई, गोपालबहादुर भट्टराई र समाजसेवी धनकेशर खड्कालाई समूहको क्रियाकलापमा अमूल्य सहयोग गरेबापत उपहार प्रदान गरी सम्मानितसमेत गरेको थियो ।

हाजिरीजबाफअघिको कार्यक्रमको सञ्चालन समूहका सल्लाहकार तथा उपप्राध्यापक ठाकुरप्रसाद बराललले गर्नुभएको थियो भने हाजिरीजवाफ कार्यक्रमको सञ्चालन कोषाध्यक्ष सिन्धु बराललले गर्नुभएको थियो ।

वसन्ती राईले स्वागत गर्नुभएको सो कार्यक्रममा एआईका गतिविधि र मानवअधिकारका बारेमा बारका जिल्लाअध्यक्ष डा. गोपालबहादुर भट्टराई, अधिवक्ता आनन्दसन्तोषी राई, समाजसेवी धनकेशर खड्का, शिक्षक कृष्णगोविन्द चेम्जोङ र समूहका सहसचिव बुद्धिकान्त घिमिरेले बोल्नुभएको थियो ।

अनुशिक्षण कार्यक्रममा समूहका सल्लाहकार ठाकुरप्रसाद बराललले एआईसम्बन्धी जानकारी दिनुभएको थियो । सो अवसरमा विजयादशमी तथा दीपावलीको अवसरमा शुभकामना आदानप्रदान गर्दै विश्वशान्तिको कामनासमेत गरिएको थियो ।

कार्यक्रम सञ्चालनका लागि धनकुटा बहुमुखी क्याम्पसका उपप्राध्यापक तथा समूहसदस्य सञ्जितकुमार सिंह र अर्का समूह सदस्य डा. रामकृष्ण शाहले कमशः २ हजार र ३ सय २५ रुपियाँ प्रदान गर्नुभएको थियो भने गोकुण्डेश्वर माविले सभाहल निःशुल्क प्रदान गरेको थियो । सो कार्यक्रमको सभापतित्व संयोजक विगेन्द्र याखाले गर्नुभएको थियो । ❖

---



**स्व. नामसरादेवी कुँवर**

# हार्दिक समवेदना

**एआई नेपाल समूह ८८, टीकापुरका संस्थापक संयोजक तथा टीकापुरबाट प्रकाशित हुँदै आएको टीकापुर टाइम्स दैनिक र हाम्रो जनसन्देश साप्ताहिकका प्रकाशक/सम्पादक कर्ण कुँवरकी माता नामसरादेवी कुँवरको ७६ वर्षको उमेरमा गत असोज २७ गते निधन भएको खबरले हामी दुःखी भएका छौं । एआई नेपाल उहाँको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

# उडिसामा जनजातिलाई समस्या

भारतको उडिसा राज्यको नियामगिरि पर्वतक्षेत्रमा बेलायत र उडिसा राज्य सरकारको संयुक्त लगानीमा २५ वर्षीय सम्झौता भई वेदान्त आल्मुनियम इन्ड्रस्टी सञ्चालनमा आउन लागेको प्रारम्भिक अवस्थामा नै त्यहाँका आदिवासी जनजातिहरूमा नकारात्मक वातावरणीय प्रभाव परिरहेको छ ।

साथै त्यसबाट आर्थिक क्षतिको स्थिति उत्पन्न भए पनि उक्त कम्पनी र राज्य सरकार उदासीन रहेका कारण त्यसबाट मानवजीवनमा भयको अवस्था उत्पन्न भएको छ । यस समस्यालाई हटाउन तत्काल स्थानीय समुदायका व्यक्तिहरूको समेत सहभागितामा ठोस पहल चालिनुपर्ने धारणाका साथ एम्नेस्टी इन्टरनेसनलले विशेष अभियान थालनी गरिरहेको छ ।

सोही अभियानअन्तर्गत नेपालमा पनि स्थानीय समूहहरूले खास गरी भारतीय अधिकारीहरूलाई अपिलपत्र पठाउने अभियानको आयोजना गरे, जसका लागि समूह-२७ लमजुङ, समूह-७ महोत्तरी र समूह-६६ दाङले स्थानीय स्तरमा हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरेका समाचार प्राप्त भएका छन् । ❖

## समूह-२७, लमजुङ



भारतको उडिसामा उद्योग खोलिँदा त्यहाँका स्थानीय जनतालाई परेको नकारात्मक प्रभाव अन्त्य गर्न आह्वान गर्दै एआई नेपाल समूह-२७ लमजुङले २०६६ कार्तिक ३ गते हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गर्‍यो । लमजुङ जिल्लाको खत्रीठाँटीमा भएको सो हस्ताक्षर कार्यक्रममा एआई नेपाल समूह-२७ का संयोजक रामकृष्ण भण्डारी, उपसंयोजक सूर्यबहादुर केसी, सचिव राजु केसी, सदस्य निर्मल केसी र रामबहादुर केसीका साथै पूर्वसंयोजक एवम् सल्लाहकार समितिका सदस्य कृष्णबहादुर केसीलगायतको सक्रिय सहभागिता रहेको थियो ।

## समूह-७ महोत्तरी

खानीका कारण भारतमा जनजाति समुदायको जीवन जोखिममा परेकाले सो कार्य रोक्न आग्रह गर्दै एम्नेस्टी इन्टरनेसनलद्वारा अगाडि बढाइएको अभियानअन्तर्गत एआई नेपालको समूह-७ महोत्तरीले गत भदौ २४ गते हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रमको उद्घाटन पूर्वकृषि तथा सहकारी सहायकमन्त्री महेन्द्र रायले गर्नुभएको थियो । कार्यक्रममा एआई नेपालका महासचिव शम्भु ठाकुर र उपमहासचिव उत्तम सापकोटाको समेत उपस्थिति रहेको थियो । सोही दिन एआई नेपालका महासचिव ठाकुर र उपमहासचिव सापकोटाले समूह-७ को कार्यालयको निरीक्षणसमेत गर्नुभएको थियो । सो अवसरमा समूहका संयोजक रामकृष्ण साहलगायत पदाधिकारीसँग समूहका भावी कार्यक्रमबारेमा छलफलसमेत भएको थियो ।

## समूह-६६, दाङ



एम्नेस्टी इन्टरनेसनल नेपाल समूह-६६, दाङको आयोजनामा २०६६ कात्तिक १३ गते स्थानीय वीरेन्द्र चोकमा एक हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरियो ।

भारतको उडिसा राज्यमा सञ्चालित वेदान्त आल्मुनियम प्रशोधन उद्योगका कारण त्यहाँ बसोबास गर्ने आदिवासी जनजातिहरू विस्थापित हुने स्थिति उत्पन्न भएको र उनीहरू मानवअधिकार उल्लंघनको जोखिममा परेकाले उक्त कारण त्यहाँका जनजातिहरूको हुन सक्ने सम्भावित विस्थापन रोक्न आग्रह गर्दै सो हस्ताक्षर संकलन गरिएको हो । हस्ताक्षर कार्यक्रमअघिको समारोहको अध्यक्षता समूहका संयोजक माधवप्रसाद

लामिछानेले गर्नुभएको थियो भने कार्यक्रमको शुभारम्भ प्रमुख अतिथि पुनरावेदन बार तुलसीपुर, दाङका अध्यक्ष प्रवीण लम्सालले गर्नुभएको थियो । कार्यक्रमका बारेमा समूहका सचिव प्रमोदकुमार न्यौपानेले प्रकाश पार्नुभएको थियो । समूहका सल्लाहकारद्वय पदम वेदिक र गोकर्ण डाँगीको उपस्थितिमा भएको सो हस्ताक्षर कार्यक्रमको सहजीकरण कोषाध्यक्ष प्रेम खड्का, कार्यक्रम संयोजक खुमानन्द अधिकारी र सदस्यहरू दीपा रोका, रामशरण चौधरी, महेशराज शर्मा, जीवनरश्मि हमाललगायतले गर्नुभएको थियो । कार्यक्रममा उद्योगी, व्यापारी, अधिकारकर्मी, शिक्षक, पत्रकारलगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

## समूह ३९, नुवाकोट

नुवाकोटस्थित एआई नेपाल समूह-३९ ले उडिसामा खानीका कारण त्यहाँका जनजातिमा परेका असर कम गर्न आह्वान गर्दै जिल्लाको विदुर नगरपालिकामा हस्ताक्षर संकलन कार्यक्रम आयोजना गऱ्यो । २०६६ भदौ २८ गते आयोजित उक्त कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री अर्जुननरसिंह



केसी, सभासद जगदीश्वर नरसिंह केसी, एआई नेपालका केन्द्रीय सदस्य राजन कुइँकेललगायत विद्यार्थी, शिक्षक, पेशाकर्मी तथा सर्वसाधारण गरी करिब १ हजार जनाले हस्ताक्षर गर्नुभएको थियो । उक्त कार्यक्रम समूह ३९ का कार्यवाहक संयोजक दीपक मुडभरी, सचिव राजु पण्डित तथा सदस्य रामचन्द्र भण्डारीले संयोजन गर्नुभएको थियो । ❖

आग्रह

# आसियानलाई एआईको जोड

एम्नेस्टी इन्टरनेसनलले हालै स्थापना भएको मानवअधिकारसम्बन्धी आसियान अन्तरसरकारी आयोगलाई मानवअधिकार प्रवर्द्धन र संरक्षणका लागि वास्तविक अनुगमन निकायका रूपमा प्रभावकारी ढंगले काम गर्न आग्रह गरेको छ । २३ अक्टोबरका दिन एआईले एक वक्तव्यमार्फत सो आग्रह गरेको हो । वक्तव्यमा आफ्नो निष्पक्षता र स्वतन्त्रतामा आँच आउन नदिन आग्रह गर्दै अन्तर्राष्ट्रिय मानवीय मूल्य र मान्यतालाई पछ्याउन पनि आग्रह गरिएको छ ।

# ओबामालाई पत्र

एम्नेस्टी इन्टरनेसनल र एड्भोकेसी फोरम नेपालले संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा सेना र प्रहरी पठाएर मद्दत गरिरहेका राष्ट्रका राष्ट्र तथा सरकारप्रमुखहरूसँगको भेटअघि अमेरिकाका राष्ट्रपति बाराक ओबामालाई एक संयुक्त पत्र पठाई मानवअधिकार उल्लंघनकर्तालाई शान्ति मिसनमा नपठाउन आग्रह गरेका छन् ।

पत्रमा राष्ट्रसंघमा शान्तिसेना पठाएर सहयोग गरिरहेको पाँचौं सबैभन्दा ठूलो राष्ट्र नेपालमा दण्डहीनताले बढावा पाएको, गैरन्यायिक हत्या व्यापक भएको, जबर्जस्ती बेपत्ता पारिएको, विगत द्वन्द्वका क्रममा सुरक्षानिकायले यातना र बलात्कारका घटनासमेत गराएको उल्लेख छ । यी गतिविधिले गर्दा राष्ट्रसंघीय मिसनको प्रभावकारिता र विश्वसनीयतामा नै असर गरेको पत्रमा उल्लेख छ ।

कतिपय सैनिक अधिकारी, जो मानवअधिकार उल्लंघनमा आरोपित छन् उनीहरूलाई पदमा यथावत् राखिनुका साथै अझ बढुवासमेत गरिएको कुरा पत्रमा उल्लेख छ । मानवअधिकार उल्लंघनका दोषीलाई समेत शान्ति मिसनमा पठाउने कार्य नेपालले गरिरहेको पत्रमा उल्लेख गरिएको छ । पत्रमा एम्नेस्टी इन्टरनेसलका तर्फबाट राष्ट्रसंघका लागि प्रतिनिधि योभने तेर्लिङ्गेन र एड्भोकेसी फोरमका तर्फबाट कार्यकारी निर्देशक मन्दिरा शर्माले हस्ताक्षर गर्नुभएको छ ।



## दाङमा पदयात्रा



एआई नेपाल समूह-६६ दाङ र वृद्ध सेवा समिति दाङको आयोजनामा विश्व शान्तिदिवसको सन्दर्भमा शान्तिका लागि पदयात्रा तथा प्रार्थनासभाको आयोजना गरियो । सो कार्यक्रममा वृद्धवृद्धा, अधिकारकर्मी, उद्योगी-व्यापारी तथा शिक्षकहरूको सहभागिता रहेको थियो ।

समूहका संयोजक माधवप्रसाद लामिछानेको अध्यक्षता तथा ब्रह्मकुमारी विश्वविद्यालयकी प्रमुख राजयोगिनी सरिता दिदीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । सो अवसरमा समूह-६६ का सचिव प्रमोदकुमार न्यौपानेले कार्यक्रमका महत्व र उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा स्वागतमन्तव्य वृद्ध सेवा समितिका उपाध्यक्ष ललितबहादुर ओलीले राख्नुभएको थियो । त्यस अवसरमा वृद्ध सेवा समितिका सचिव खुमानन्द अधिकारी, अध्यक्ष विष्णु गौतम, उमा रजौरे, वासुराम गिरी, बुद्धिजीवी विष्णुप्रसाद शर्मा, समूह-६६ का कोषाध्यक्ष प्रेम खड्का र मेनुका शर्माले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा राजयोगिनी दिदी सरिता र विष्णु शर्माबाट शान्तिका लागि प्रार्थना र शान्ति विषयमा प्रवचनसमेत दिनुभएको थियो ।

## फौजदारी अदालतको विधान अनुमोदनका निम्ति अनुरोध

एआई नेपाल समूह ३९ ले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनको आग्रह गर्दै तयार गरिएको अनुरोधपत्रमा हस्ताक्षर संकलन गर्न नुवाकोटको देवीघाटमा एक कार्यक्रम आयोजना गर्‍यो । २०६६ भदौ २७ गते आयोजित उक्त कार्यक्रममा सभासद जगदीश्वर नरसिंह केसी, नेपाल चिकित्सक संघका अध्यक्ष केदारनरसिंह केसी, एआई नेपालका केन्द्रीय सदस्य राजन कुइँकेललगायत विद्यार्थी, शिक्षक, पेशाकर्मी तथा सर्वसाधारण गरी करिब ७ सय जनाले हस्ताक्षर गर्नुभएको थियो । उक्त कार्यक्रम समूह ३९ का कार्यवाहक संयोजक दीपक मुडभरी, सचिव राजु पण्डित तथा सदस्य रामचन्द्र भण्डारीले संयोजन गर्नुभएको थियो ।

## भारतमा विद्यमान मृत्युदण्ड अन्त्यका लागि धादिङमा हस्ताक्षर संकलन

मृत्युदण्डको विरोधमा एआई नेपाल निर्माणाधीन समूह धादिङले गत असोज ३ गते हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरेको छ । सो समूहले नेपालको



छिमेकी राष्ट्र भारतमा विद्यमान मृत्युदण्ड अन्त्यका लागि आह्वान गर्दै हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरेको समूह संयोजक विष्णुप्रसाद अधिकारीले बताउनुभएको छ ।

सो कार्यक्रममा पूर्वसांसद रामनाथ अधिकारी, शिक्षक संघका अध्यक्ष दीपक सिंखडा, नेपाल पत्रकार महासंघ धादिङका अध्यक्ष सीतारामप्रसाद बर्मा, महासंघकै पूर्वअध्यक्ष राजेन्द्रप्रताप शाह, मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य सीता अधिकारी, नेपाल शिक्षक

युनियन धादिङका अध्यक्ष ध्रुव रिजाल, उद्योग वाणिज्य संघ धादिङका अध्यक्ष मुरारि अधिकारी, राष्ट्रिय मानवअधिकार संगठन धादिङका अध्यक्ष कृष्णप्रसाद दाहाललगायतले पनि हस्ताक्षर गर्नुभएको थियो । हस्ताक्षर अभियानमा महिला, दलित, जनजाति, युवालगायत करिब ५ सय ७५ जनाको सहभागिता रहेको थियो ।

### आङसान सुकीको रिहाइको आग्रह

रामपुरस्थित एआई नेपालअन्तर्गतको युथ नेटवर्कले बर्माकी प्रजातन्त्रवादी नेतृ आङसान सुकीको रिहाइका लागि आग्रह गरेको छ । साउन १७ गते चितवनको रामपुरस्थित कृषि तथा पशुविज्ञान अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरू, जो एआई नेपालको स्थानीय युथ नेटवर्कमा आबद्धसमेत हुनुभएको छ, उहाँहरूद्वारा आयोजित त्यस कार्यक्रममा उक्त अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरूले सुकीको रिहाइका लागि ठोस पहल गर्न दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन आसियानका महासचिवसमक्ष आग्रह गर्दै तयार गरिएको अनुरोधपत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

कार्यक्रममा एआई नेपालका केन्द्रीय सदस्य



राजन कुइँकेल, निर्देशक रामेश्वर नेपाल, युथ नेटवर्क नेसनल वर्किङ ग्रुपकी सदस्य रमा पौडेल, रामपुर युथ नेटवर्कका संयोजक स्मित ढकाल तथा उपसंयोजक रिना शर्मालगायतको उपस्थिति रहेको थियो ।

# 'बालिकाहरूका लागि सुरक्षित विद्यालय' कार्यक्रम



नुवाकोटस्थित एम्नेस्टी इन्टरनेसनल नेपालअन्तर्गतको समूह-३९ ले उक्त जिल्लाको नर्जामण्डपस्थित विज्ञान माध्यमिक विद्यालयमा 'बालिकाहरूका लागि सुरक्षित विद्यालय' विषयक एक कार्यक्रम आयोजना गरेको छ । २०६६ जेठ २८ गते आयोजित उक्त कार्यक्रममा सो विद्यालयमा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थी, शिक्षकहरू एवम् विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको उपस्थिति रहेको थियो ।

एआई नेपालमा ढिलो गरी प्राप्त समाचारअनुसार कार्यक्रममा एआई नेपाल समूह-३९ का कार्यसमिति सदस्य रामचन्द्र भण्डारीले बालिकाहरूका लागि सुरक्षित विद्यालय विषयमा एआईले सञ्चालन गरेको विश्वव्यापी अभियानका अलावा बालिकाहरू कसरी आफ्नै विद्यालयमा असुरक्षित हुने गर्दछन् भन्ने विषयमा प्रकाश पार्नुभएको थियो । त्यसै गरी उहाँले बालिकाहरूका लागि विद्यालयमा सुरक्षित वातावरण तयार गर्न राज्यले र विद्यालयले निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा समेत चर्चा गर्नुभएको थियो । ❖

# इलामस्थित एम्नेस्टी इन्टरनेसनल नेपालअन्तर्गतको समूह-२४ खारेजीका लागि सिफारिस गर्ने निर्णयसम्बन्धी राष्ट्रिय कार्यसमितिको सूचना

*प्रकाशित मिति : १५ नोभेम्बर, २००९*

२९-३० अगस्ट २००९ मा बसेको एम्नेस्टी इन्टरनेसनल नेपाल राष्ट्रिय कार्यसमितिको बैठकले निम्नलिखित कारणले ३१ अगस्ट २००९ देखि लागू हुने गरी इलामस्थित एआई नेपालमा आबद्ध समूह-२४ लाई खारेज गर्न एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरेको छ। अतः एआई नेपाल समूहका हैसियतबाट कुनै पनि कार्य नगर्न/नगराउनुहुन अनुरोध गरिन्छ। त्यस समूहले एआई अभियानमा विगतमा पुऱ्याएको योगदानका निम्ति राष्ट्रिय कार्यसमिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

साथै त्यस समूहअन्तर्गतका सदस्यको सदस्यता भने मान्य रहिरहने र सम्बन्धित समूह खारेज भएका कारण 'समूहगत सदस्यता' बाट 'व्यक्तिगत सदस्यता' मा परिवर्तन हुने बेहोरासमेत जानकारीका लागि अनुरोध गरिन्छ। उक्त निर्णयउपर चित्त नबुझेमा एआई नेपालको विधानको दफा १५ को उपदफा (१) बमोजिम एआई नेपाल पुनरावेदन समितिमा उक्त समितिको कार्यविधि २०६२ (सन् २००६) मा उल्लेख गरिएको प्रक्रिया अपनाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खारेज नहुन पर्नाको कारणसमेत उल्लेख गरी रीतपूर्वक पुनरावेदन गर्न सकिने बेहोरासमेत जानकारी गराउँदै एआई नेपाल, पुनरावेदन समितिको कार्यविधिको परिच्छेद २, को ५ (ग) का प्रयोजनका निम्ति यो सूचना प्रकाशित गरिएको छ।

## खारेजीको सिफारिस गर्ने निर्णयको पृष्ठभूमि र आधारहरू

एआईको अन्तर्राष्ट्रिय कार्यालयबाट जनवरी २००८ र जनवरी २००९ मा आएको प्रतिनिधिमण्डलले एआई नेपालमा आबद्ध केही समूहले संस्थाको विधान, विनियम र निर्देशिकामा तोकिएबमोजिम एआईको समूह रहिरहनका लागि आवश्यक मापदण्ड पूरा नगरेको तर्फ लक्षित गर्दै एआई नेपालको राष्ट्रिय कार्यसमितिलाई ती मापदण्ड पूरा गर्न मौका दिने र त्यस्तो मौका दिँदा पनि कुनै प्रक्रिया अघि नबढाउने समूहहरूको मान्यता खारेजीका लागि कारबाही अगाडि बढाउनका लागि दिएको सुझावसमेतलाई ध्यान दिँदै राष्ट्रिय कार्यसमितिमा छलफल भएपश्चात् एआई नेपालमा आबद्ध ती समूहहरूले यस संस्थाको विधान, समूह सञ्चालनसम्बन्धी नियमावली तथा समूह मान्यता खारेज हुन सक्ने अवस्थासम्बन्धी निर्देशिकाले तोकेबमोजिम एआई समूहको रूपमा आबद्धता रहिरहनका लागि आवश्यक पर्ने न्यूनतम आधार एवम् एआई अभियानमा सहभागितासमेतका संस्थागत अन्य आन्तरिक प्रक्रियासमेत पूरा गरेको नपाइएपछि ती आधार र प्रक्रियाहरू पूरा गर्न १५ मे २००९ मा पत्र पठाई ३० जुन २००९ सम्मको म्याद दिँदासमेत कुनै प्रक्रिया अघि नबढाएको हुँदा २४ जुलाई २००९ मा अर्को पत्र लेखी २८ अगस्ट २००९ सम्ममा समूह खारेज गर्न नपर्नाका कारणसहितको सफाइ पेस गर्न अनुरोध गरिएकोमा त्यस समूहले मिति २०६६।५।६ को पत्रबाट पेस गरेको सफाइमा एआई नेपालको समूह सञ्चालनसम्बन्धी नियमावली तथा समूह मान्यता खारेज हुन सक्ने अवस्थासम्बन्धी निर्देशिकाअनुसार एआई समूहको मान्यता कायम राखिरहन आवश्यक पर्ने पर्याप्त आधारहरू पुष्टि हुन नसकेको पाइएकाले एआई नेपालको समूह सञ्चालनसम्बन्धी नियमावली २०६२ (सन् २००५) को परिच्छेद ३, नियम ९ (२) तथा समूह मान्यता खारेज हुन सक्ने अवस्थासम्बन्धी निर्देशिका २०६३ (सन् २००६) परिच्छेद २ को खण्ड ३ (२) समेतमा व्यवस्था गरिएबमोजिम ३१ अगस्ट २००९ देखि लागू हुने गरी खारेजीका लागि अन्तर्राष्ट्रिय सचिवालयमा सिफारिस गर्ने निर्णय गरिएको छ।

## खारेजीको सिफारिसका लागि लिइएका थप आधारहरू निम्नबमोजिम रहेका छन्।

- विधानले तोकेबमोजिम एआई समूह रहिरहनका लागि आवश्यक पर्ने न्यूनतम सदस्य संख्या (१५ जना) भन्दा कम सदस्य रहेको।
- प्रत्येक वर्ष साधारणसभा गर्नुपर्नेमा सात वर्षभन्दा लामो समयदेखि विधिवत् ढंगबाट समूहको वार्षिक साधारणसभा नभएको।
- एआईद्वारा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन गरिएका अभियानसँग सम्बन्धित वर्षमा कम्तीमा पनि ३ वटा सार्वजनिक कार्यक्रम गर्नुपर्नेमा सात वर्षभन्दा बढी समयदेखि तोकिएबमोजिम कार्यक्रम नगरेको।
- एआई नेपालको वार्षिक साधारणसभाहरूमा प्रस्तुत भई पारितसमेत भएको यस संस्थाको वार्षिक प्रतिवेदनहरूअनुसार सो समूहको विगतमा भएका वार्षिक गतिविधिलाई अध्ययन गर्दा ७ वर्षको अवधिमा एआई अभियानसँग सम्बन्धित केवल चारवटा (सन् २००२ मा १, सन् २००४ मा १, सन् २००५ मा १ र सन् २००६ मा १) मात्र कार्यक्रम गरेको देखिएको र २००६ पछि हालसम्म त्यस्ता कुनै कार्यक्रम भएको नदेखिएको।
- सामान्यतया प्रत्येक महिना र वर्षमा कम्तीमा पनि ४ पटक समूह कार्यसमितिको बैठक बस्नुपर्नेमा सात वर्षभन्दा बढी समयदेखि तोकिएबमोजिम बैठक नबसेको।
- समूहको वार्षिक कार्ययोजना तयार गरी त्यसलाई साधारणसभाबाट पारित गराई अग्रिम रूपमा राष्ट्रिय सचिवालयमा पठाउनुपर्नेमा सात वर्षभन्दा लामो समयदेखि त्यस्तो नगरेको।

# धनगढीस्थित एम्नेस्टी इन्टरनेसनल नेपालअन्तर्गतको समूह-८८ खारेजीको लागि सिफारिस गर्ने निर्णयसम्बन्धी राष्ट्रिय कार्यसमितिको सूचना

प्रकाशित मिति : १५ नोभेम्बर, २००९

२९-३० अगस्ट २००९ मा बसेको एम्नेस्टी इन्टरनेसनल नेपाल राष्ट्रिय कार्यसमितिको बैठकले निम्नलिखित कारणले ३१ अगस्ट २००९ देखि लागू हुने गरी धनगढीस्थित एआई नेपालमा आबद्ध समूह ८८ लाई खारेज गर्न एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरेको छ । अतः एआई नेपाल समूहका हैसियतबाट कुनै पनि कार्य नगर्न/नगराउनुहुन अनुरोध गरिन्छ । त्यस समूहले एआई अभियानमा विगतमा पुऱ्याएको योगदानका निम्ति राष्ट्रिय कार्यसमिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

साथै त्यस समूहअन्तर्गतका सदस्यको सदस्यता भने मान्य रहिरहने र सम्बन्धित समूह खारेज भएका कारण "समूहगत सदस्यता" बाट "व्यक्तिगत सदस्यता" मा परिवर्तन हुने बेहोरासमेत जानकारीका लागि अनुरोध गरिन्छ । उक्त निर्णयउपर चित्त नबुझेमा एआई नेपालको विधानको दफा १५ को उपदफा (१) बमोजिम एआई नेपाल पुनरावेदन समितिमा उक्त समितिको कार्यविधि २०६२ (सन् २००६) मा उल्लेख गरिएको प्रक्रिया अपनाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खारेज नहुन पर्नाको कारणसमेत उल्लेख गरी रीतपूर्वक पुनरावेदन गर्न सकिने बेहोरासमेत जानकारी गराउँदै एआई नेपाल, पुनरावेदन समितिको कार्यविधिको परिच्छेद २, को ५ (ग) का प्रयोजनका निम्ति यो सूचना प्रकाशित गरिएको छ ।

## खारेजीको सिफारिस गर्ने निर्णयको पृष्ठभूमि र आधारहरु

एआईको अन्तर्राष्ट्रिय कार्यालयबाट जनवरी २००८ र जनवरी २००९ मा आएको प्रतिनिधिमण्डलले एआई नेपालमा आबद्ध केही समूहले संस्थाको विधान, विनियम र निर्देशिकामा तोकिएबमोजिम एआईको समूह रहिरहनका लागि आवश्यक मापदण्ड पूरा नगरेको तर्फ लक्षित गर्दै एआई नेपालको राष्ट्रिय कार्यसमितिलाई ती मापदण्ड पूरा गर्न मौका दिने र त्यस्तो मौका दिंदा पनि कुनै प्रक्रिया अघि नबढाउने समूहहरूको मान्यता खारेजीका लागि कारबाही अगाडि बढाउनका लागि दिएको सुझावसमेतलाई ध्यान दिँदै राष्ट्रिय कार्यसमितिमा छलफल भएपश्चात् एआई नेपालमा आबद्ध ती समूहहरूले यस संस्थाको विधान, समूह सञ्चालनसम्बन्धी नियमावली तथा समूह मान्यता खारेज हुन सक्ने अवस्थासम्बन्धी निर्देशिकाले तोकेबमोजिम एआई समूहका रूपमा आबद्धता रहिरहनका लागि आवश्यक पर्ने न्यूनतम आधारहरू एवं एआई अभियानमा सहभागितासमेतका संस्थागत अन्य आन्तरिक प्रक्रियाहरूसमेत पूरा गरेको नपाइएपछि ती आधार र प्रक्रियाहरू पूरा गर्न १५ मे २००९ मा पत्र पठाई ३० जुन २००९ सम्मको म्याद दिंदा समेत कुनै प्रक्रिया अघि नबढाएको हुँदा २४ जुलाई २००९ मा अर्को पत्र लेखी २८ अगस्ट २००९ सम्ममा समूह खारेज गर्न नपर्नाका कारणसहितको सफाइ पेस गर्न अनुरोध गरिएकोमा त्यस समूहले कुनै सफाइ पेस नगरेको हुँदा एआई नेपालको समूह सञ्चालनसम्बन्धी नियमावली २०६२ (सन् २००५) को परिच्छेद ३, नियम ९ (२) तथा समूह मान्यता खारेज हुन सक्ने अवस्थासम्बन्धी निर्देशिका २०६३ (सन् २००६) परिच्छेद २ को खण्ड ३ (२) समेतमा व्यवस्था गरिएबमोजिम ३१ अगस्ट २००९ देखि लागू हुने गरी खारेजीका लागि अन्तर्राष्ट्रिय सचिवालयमा सिफारिस गर्ने निर्णय गरिएको छ ।

## खारेजीको सिफारिसका लागि लिइएका थप आधारहरू निम्नबमोजिम रहेका छन् ।

- प्रत्येक वर्ष साधारणसभा गर्नुपर्नेमा दुई वर्षभन्दा लामो समयदेखि विधिवत् रूपबाट समूहको वार्षिक साधारणसभा नभएको ।
- एआईद्वारा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन गरिएका अभियानसँग सम्बन्धित वर्षमा कम्तीमा पनि ३ वटा सार्वजनिक कार्यक्रम गर्नुपर्नेमा छ वर्षभन्दा बढी समयदेखि तोकिएबमोजिम कार्यक्रम नगरेको ।
- एआई नेपालका वार्षिक साधारणसभाहरूमा प्रस्तुत भई पारितसमेत भएको यस संस्थाको वार्षिक प्रतिवेदनहरूअनुसार सो समूहको विगतमा भएका वार्षिक गतिविधिलाई अध्ययन गर्दा ७ वर्षको अवधिमा एआई अभियानसँग सम्बन्धित तीनवटा (सन् २००३ मा १ र सन् २००६ मा २) मात्र कार्यक्रम गरेको देखिएको र २००६ पछि हालसम्म त्यस्ता कुनै कार्यक्रम भएको नदेखिएको ।
- सामान्यतया प्रत्येक महिना र वर्षमा कम्तीमा पनि ४ पटक समूह कार्यसमितिको बैठक बस्नुपर्नेमा छ वर्षभन्दा बढी समयदेखि तोकिएबमोजिम बैठक नबसेको ।
- समूहको वार्षिक कार्ययोजना तयार गरी त्यसलाई साधारणसभाबाट पारित गराई अग्रिम रूपमा राष्ट्रिय सचिवालयमा पठाउनुपर्नेमा सात वर्षभन्दा लामो समयदेखि त्यस्तो नगरेको ।

# बन्दीपुरस्थित एम्नेस्टी इन्टरनेसनल नेपालअन्तर्गतको समूह-७१ खारेजीका लागि सिफारिस गर्ने निर्णयसम्बन्धी राष्ट्रिय कार्यसमितिको सूचना

*प्रकाशित मिति : १५ नोभेम्बर, २००९*

२९-३० अगस्ट २००९ मा बसेको एम्नेस्टी इन्टरनेसनल नेपाल राष्ट्रिय कार्यसमितिको बैठकले निम्नलिखित कारणले ३१ अगस्ट २००९ देखि लागू हुने गरी बन्दीपुरस्थित एआई नेपालमा आबद्ध समूह-७१ लाई खारेज गर्न एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरेको छ। अतः एआई नेपाल समूहका हैसियतबाट कुनै पनि कार्य नगर्न/नगराउनुहुन अनुरोध गरिन्छ। त्यस समूहले एआई अभियानमा विगतमा पुऱ्याएको योगदानका निम्ति राष्ट्रिय कार्यसमिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

साथै त्यस समूहअन्तर्गतका सदस्यको सदस्यता भने मान्य रहिरहने र सम्बन्धित समूह खारेज भएका कारण "समूहगत सदस्यता" बाट "व्यक्तिगत सदस्यता" मा परिवर्तन हुने बेहोरासमेत जानकारीका लागि अनुरोध गरिन्छ। उक्त निर्णयउपर चित्त नबुझेमा एआई नेपालको विधानको दफा १५ को उपदफा (१) को बमोजिम एआई नेपाल पुनरावेदन समितिमा उक्त समितिको कार्यविधि २०६२ (सन् २००६) मा उल्लेख गरिएको प्रक्रिया अपनाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खारेज नहुन पर्नाको कारणसमेत उल्लेख गरी रीतपूर्वक पुनरावेदन गर्न सकिने बेहोरासमेत जानकारी गराउँदै एआई नेपाल, पुनरावेदन समितिको कार्यविधिको परिच्छेद २, को ५ (ग) का प्रयोजनका निम्ति यो सूचना प्रकाशित गरिएको छ।

## खारेजीको सिफारिस गर्ने निर्णयको पृष्ठभूमि र आधारहरू

एआईको अन्तर्राष्ट्रिय कार्यालयबाट जनवरी २००८ र जनवरी २००९ मा आएको प्रतिनिधिमण्डलले एआई नेपालमा आबद्ध केही समूहले संस्थाको विधान, विनियम र निर्देशिकामा तोकिएबमोजिम एआईको समूह रहिरहनका लागि आवश्यक मापदण्ड पूरा नगरेको तर्फ लक्षित गर्दै एआई नेपालको राष्ट्रिय कार्यसमितिलाई ती मापदण्डहरू पूरा गर्न मौका दिने र त्यस्तो मौका दिँदा पनि कुनै प्रक्रिया अघि नबढाउने समूहहरूको मान्यता खारेजीका लागि कारबाही अगाडि बढाउनका लागि दिएको सुझावसमेतलाई ध्यान दिँदै राष्ट्रिय कार्यसमितिमा छलफल भएपश्चात् एआई नेपालमा आबद्ध त्यस समूहहरूले यस संस्थाको विधान, समूह सञ्चालनसम्बन्धी नियमावली तथा समूह मान्यता खारेज हुन सक्ने अवस्थासम्बन्धी निर्देशिकाले तोकेबमोजिम एआई समूहको रूपमा आबद्धता रहिरहनका लागि आवश्यक पर्ने न्यूनतम आधारहरू एवं एआई अभियानमा सहभागितासमेतका संस्थागत अन्य आन्तरिक प्रक्रियासमेत पूरा गरेको नपाइएपछि ती आधार र प्रक्रिया पूरा गर्न १५ मे २००९ मा पत्र पठाई ३० जुन २००९ सम्मको म्याद दिँदा समेत कुनै प्रक्रिया अघि नबढाएको हुँदा २४ जुलाई २००९ मा अर्को पत्र लेखी २८ अगस्ट २००९ सम्ममा समूह खारेज गर्न नपर्नाका कारणसहितको सफाइ पेस गर्न अनुरोध गरिएकोमा त्यस समूहले कुनै सफाइ पेस नगरेको हुँदा एआई नेपालको समूह सञ्चालनसम्बन्धी नियमावली २०६२ (सन् २००५) को परिच्छेद ३, नियम ९ (२) तथा समूह मान्यता खारेज हुन सक्ने अवस्थासम्बन्धी निर्देशिका २०६३ (सन् २००६) परिच्छेद २ को खण्ड ३ (२) समेतमा व्यवस्था गरिएबमोजिम ३१ अगस्ट २००९ देखि लागू हुने गरी खारेजीका लागि अन्तर्राष्ट्रिय सचिवालयमा सिफारिस गर्ने निर्णय गरिएको छ।

## खारेजीको सिफारिसका लागि लिइएका थप आधारहरू निम्नबमोजिम रहेका छन्।

- प्रत्येक वर्ष साधारणसभा गर्नुपर्नेमा छ वर्षभन्दा लामो समयदेखि विधिवत् ढङ्गबाट समूहको वार्षिक साधारणसभा नभएको।
- एआईद्वारा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन गरिएका अभियानसँग सम्बन्धित वर्षमा कम्तीमा पनि ३ वटा सार्वजनिक कार्यक्रम गर्नुपर्नेमा छ वर्षभन्दा बढी समयदेखि तोकिएबमोजिम कार्यक्रम नगरेको।
- एआई नेपालका वार्षिक साधारणसभाहरूमा प्रस्तुत भई पारितसमेत भएका यस संस्थाका वार्षिक प्रतिवेदनहरूअनुसार सो समूहको विगतमा भएका वार्षिक गतिविधिलाई अध्ययन गर्दा ७ वर्षको अवधिमा एआई अभियानसँग सम्बन्धित केवल दुईवटा (सन् २००२ मा १ र सन् २००८ मा १) मात्र कार्यक्रम गरेको देखिएको।
- सामान्यतया प्रत्येक महिना र वर्षमा कम्तीमा पनि ४ पटक समूह कार्यसमितिको बैठक बस्नुपर्नेमा छ वर्षभन्दा बढी समयदेखि तोकिएबमोजिम बैठक नबसेको।
- समूहको वार्षिक कार्ययोजना तयार गरी त्यसलाई साधारणसभाबाट पारित गराई अग्रिम रूपमा राष्ट्रिय सचिवालयमा पठाउनुपर्नेमा छ वर्षभन्दा लामो समयदेखि त्यस्तो नगरेको।




एम्नेस्टी इन्टरनेसनलको सर्वोच्च गभर्निङ बडी अन्तर्राष्ट्रिय परिषद्को बैठक अन्तल्या, टर्की, अगस्ट २००९ ।
© Amnesty International

**एम्नेस्टी इन्टरनेसनल** विश्वका १ सय ५० भन्दा बढी मुलुक र क्षेत्रमा मानवअधिकार अभियान चलाइरहेको २२ लाख सदस्य रहेको संस्था हो । हाम्रो लक्ष्य भनेको हरेक व्यक्तिले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य मानवीय कानुनद्वारा निश्चित मानवअधिकारको उपभोग गर्न पाउन् भन्ने नै हो ।

**उच्चतहको द्वन्द्व होस् वा**
**विश्वको बिर्सिएको कुनै कुनो**
**नै किन नहोस्**
**एम्नेस्टी इन्टरनेसनल**
**न्याय र स्वतन्त्रताका लागि**
**लडिरहन्छ ।**
**अझ राम्रो विश्वको**
**निर्माणका लागि**
**सार्वजनिक**
**सहयोग**
**खोजिरहन्छ ।**

**तपाई के गर्न सक्नुहुन्छ ?**

विश्वभरि रहेका अभियन्ताहरूले देखाए कि मानवअधिकारलाई कम आँक्ने खतरनाक शक्तिविरूद्ध लड्न सम्भव छ । यो आन्दोलनको एक हिस्सा हुनुहोस् र जसले घृणा र डर उत्पन्न गर्न खोज्छन् उनीहरूमाथि विजय प्राप्त गर्नुहोस् ।

- एम्नेस्टी इन्टरनेसनलमा संलग्न हुनुहोस् र मानवअधिकार उल्लंघनको विश्वव्यापी अभियानको एक हिस्सा हुनुहोस् । फरक बनाउनका लागि हामीलाई मद्दत गर्नुहोस् ।

**एकैसाथ रहेर हामीले हाम्रा आवाजलाई सुनाउन सक्छौं ।**

# तस्वीरमा एआई नेपालका गतिविधि




गरिबीविरुद्ध अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा बनेपामा आयोजित कार्यक्रममा सहभागी युवाहरू ।




मृत्युदण्डविरुद्धको अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा एआई नेपाल राष्ट्रिय सचिवालयद्वारा अमेरिकामा मृत्युदण्ड अन्त्यको माग गर्दै काठमाडौंको नयाँसडकमा आयोजित हस्ताक्षर संकलन कार्यक्रमका सहभागीहरू ।




अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसका सन्दर्भमा समूह ८० काठमाडौंद्वारा आयोजित हस्ताक्षर संकलन कार्यक्रमका सहभागीहरू ।